# कर्णाली प्रदेश समपूरक, विशेष, सशर्त अनुदान सम्बन्धी कार्यविधि संगालो (पहिलो संशोधन समेत)

कर्णाली प्रदेश सरकार

## आर्थिक मामिला तथा योजना मन्त्रालय

वीरेन्द्रनगर, सुर्खेत, नेपाल

२०८२

*कर्णाली प्रदेश सरकार मन्त्रिपरिषद्को मिति २०८२/०६/२८*
*को निर्णयबाट स्वीकृत पहिलो संशोधन समेत*

# कर्णाली प्रदेश समपूरक, विशेष, ससर्त अनुदान सम्बन्धी कार्यविधि संगालो


कर्णाली प्रदेश सरकार

**आर्थिक मामिला तथा योजना मन्त्रालय**

वीरेन्द्रनगर, सुर्खेत, नेपाल

२०८२

# कर्णाली प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०८१

**<u>प्रस्तावनाः</u>** प्रदेश र स्थानीय तहको लागत साझेदारीमा स्थानीय तहबाट कार्यान्वयन हुने आयोजना तथा कार्यक्रमको प्रभावकारी रूपमा कार्यान्वयन गरी स्थानीय तहहरूबीचको सामाजिक, आर्थिक तथा पूर्वाधार विकासमा सन्तुलन कायम गर्नका लागि न्यायोचित रूपले समपूरक अनुदान उपलब्ध गराउने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

कर्णाली प्रदेश वित्तीय हस्तान्तरण (व्यवस्थापन) ऐन, २०७५ को दफा ९ ले दिएको अधिकार प्रयोग गरी कर्णाली प्रदेश सरकारले देहायको कार्यविधि बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस कार्यविधिको नाम "कर्णाली प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि २०८१" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "आयोजना वा कार्यक्रम" भन्नाले समपूरक अनुदानमा सञ्चालन गरिने दफा ३ को उपदफा (१) बमोजिमको आयोजना वा कार्यक्रम सम्झनु पर्छ।

(ख) "ऐन" भन्नाले "कर्णाली प्रदेश वित्तीय हस्तान्तरण (व्यवस्थापन) ऐन, २०७५" सम्झनु पर्छ।

(ग) "प्रदेश सरकार" भन्नाले कर्णाली प्रदेश सरकारलाई सम्झनु पर्छ।

(घ) "मन्त्रालय" भन्नाले कर्णाली प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालयलाई सम्झनु पर्छ।

(ङ) "विषयगत मन्त्रालय" भन्नाले कार्यक्रमसँग सम्बन्धित कर्णाली प्रदेश सरकार अन्तर्गतका मन्त्रालयलाई सम्झनु पर्छ।

(च) "विद्युतीय प्रणाली" भन्नाले स्थानीय तहले समपुरक अनुदान प्रस्ताव गर्न मन्त्रालयबाट सञ्चालित अनलाइन प्रणालीलाई सम्झनु पर्छ।

(छ) "समपूरक अनुदान" भन्नाले कर्णाली प्रदेश वित्तीय हस्तान्तरण (व्यवस्थापन) ऐन, २०७५ को दफा ६ बमोजिमको अनुदान सम्झनुपर्छ।

(ज) "समिति" भन्नाले यस कार्यविधिको दफा ६ को उपदफा (१) बमोजिमको योजना तथा कार्यक्रम छनोट समिति सम्झनु पर्छ।

(झ) "स्थानीय तह" भन्नाले कर्णाली प्रदेशभित्रका गाउँपालिका तथा नगरपालिकालाई सम्झनु पर्छ।

३. **<u>समपूरक अनुदान प्रदान गरिने क्षेत्र र रकमको सीमाः</u>** (१) प्रदेश सरकारले स्थानीय तहबाट कार्यान्वयन गरिने देहायका स्थानीय भौतिक पूर्वाधार विकास सम्बन्धी योजनाको लागि समपूरक अनुदान प्रदान गर्न सक्नेछः

(क) कृषि उपजको प्रशोधन, भण्डारण र बजारीकरण तथा कृषि सडक पूर्वाधार,

(ख) सिंचाई तथा नदी नियन्त्रण,

(ग) तटबन्ध तथा पहिरो नियन्त्रण,

(घ) सौर्य, वायु, जैविक लगायतका वैकल्पिक ऊर्जा उत्पादनसँग सम्बन्धित पूर्वाधार,

(ङ) खानेपानी तथा सरसफाई र ढल निकास सम्बन्धी पूर्वाधार,

(च) स्थानीय भवन निर्माण (सामुदायिक विद्यालय, वडा कार्यालय, स्वास्थ्य केन्द्र),

(छ) सार्वजनिक महत्वको पर्यटन पूर्वाधार,

(ज) स्थानीय तहको केन्द्र र वडा कार्यालय, विद्यालय, स्वास्थ्य संस्था जस्ता सेवा केन्द्र, औद्योगिक ग्राम वा क्षेत्र र बजार जोड्ने स्थानीय सडक,

(झ) स्थानीय जनताको आय आर्जनमा उल्लेख्य योगदान पुग्ने कृषि उत्पादन, पशुपंक्षीपालन तथा सहकारीजन्य पूर्वाधार विकास सम्बन्धी योजना,

(ञ) ग्रामीण क्षेत्रमा एकिकृत बस्ती विकास, बैकल्पिक उर्जा तथा सहरी विकास सम्बन्धी योजना,

(ट) स्थानीय बजार विकास,

(ठ) वातावरण संरक्षण तथा जैविक विविधता सम्बन्धी पूर्वाधार,

(ड) फोहरमैला व्यवस्थापन र ढल निकास सम्बन्धी योजना,

(ढ) प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेटमा प्रदेश र स्थानीय तहबीच सहकार्य र संयुक्त लगानीमा कार्यान्वयन गर्ने गरी निर्धारण गरिएको आयोजना वा कार्यक्रम।

(२) स्थानीय तहले समपूरक अनुदानको लागि आयोजना वा कार्यक्रम प्रस्ताव गर्दा त्यस्तो आयोजना वा कार्यक्रमको कुल लागत अनुमान एक करोड रुपैयाँदेखि दुई करोड रुपैयाँसम्मको हुनुपर्नेछ।

(३) उपदफा (२) बमोजिम आयोजना वा कार्यक्रम प्रस्ताव गर्दा त्यस्तो आयोजना वा कार्यक्रम बढीमा दुई वर्षभित्र सम्पन्न हुने आयोजना मात्र प्रस्ताव गर्नु पर्नेछ।

४. **समपूरक अनुदान माग गर्ने:** (१) प्रत्येक वर्ष फागुन पहिलो हप्ताभित्र मन्त्रालयले आफ्नो वेवसाइटमा सूचना प्रकाशन गरी स्थानीय तहबाट आगामी आर्थिक वर्षमा समपूरक अनुदानमा सञ्चालन गर्ने आयोजना वा कार्यक्रमको प्रस्ताव माग गर्नेछ।

(२) उपदफा (१) बमोजिम सूचना प्रकाशन भएपछि स्थानीय तहले अन्य स्रोत वा निकायबाट कार्यान्वयन हुने आयोजना वा

कार्यक्रमसँग दोहोरो नपर्ने गरी तीस दिनभित्र मन्त्रालयमा समपूरक अनुदानबाट कार्यान्वयन गरिने आयोजना वा कार्यक्रम मन्त्रालयले निर्धारण गरेको विद्युतीय प्रणालीमार्फत् अनुसूची-१ बमोजिमको ढाँचामा प्रस्ताव पेस गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम आयोजना वा कार्यक्रम प्रस्ताव गर्दा दफा ३ को उपदफा (२) बमोजिम क्रमागतसहित बढीमा तीन वटासम्म आयोजना वा कार्यक्रम प्रस्ताव गर्न सकिनेछ।

(४) उपदफा (२) बमोजिम आयोजना वा कार्यक्रम सम्बन्धी प्रस्ताव पेश गर्दा स्थानीय तह आफैंले वा निजी क्षेत्रसँगको साझेदारीमा आयोजना वा कार्यक्रम कार्यान्वयन गर्ने भए सो कुरा समेत त्यस्तो प्रस्तावमा खुलाउनु पर्नेछ।

(५) उपदफा (२) बमोजिम आयोजना वा कार्यक्रम प्रस्ताव गर्दा देहायका कागजात विद्युतीय प्रणालीमा प्रविष्टी गर्नु पर्नेछ।

(क) आयोजना वा कार्यक्रमको लागत अनुमान र सोलाई पुष्टि गर्ने अन्य आवश्यक कागजात,

(ख) प्रचलित कानून बमोजिम आयोजना वा कार्यक्रमको कार्यान्वयन गर्दा वातावरणीय प्रभाव अध्ययन आवश्यक पर्नेमा सोको स्वीकृत प्रतिवेदन,

(ग) एक भन्दा बढी आयोजना वा कार्यक्रम प्रस्ताव गरेमा सम्बन्धित कार्यपालिकाबाट भएको प्राथमिकीकरण सहितको निर्णय,

(घ) आयोजना वा कार्यक्रमको आवश्यक शर्तहरू पूरा भएको अनुसूची-२ बमोजिमको ढाँचाको प्रमाणित प्रति,

❋(ङ) आयोजना वा कार्यक्रम स्थानीय तहको आयोजना बैंकमा समावेश भएको बेहोरा खुल्ने कागजात।

---

❋ पहिलो संशोधनद्वारा थप

(६) उपदफा (५) बमोजिम आयोजना वा कार्यक्रम प्रविष्टि गर्दा देहायका विवरण समेत स्पष्ट रूपमा खुलाउनु पर्नेछः-

(क) आयोजना वा कार्यक्रम कार्यान्वयन गर्नुपर्ने आवश्यकता र प्राथमिकताको पुष्ट्याँई,

(ख) आयोजना वा कार्यक्रमबाट प्राप्त हुने मापनयोग्य प्रतिफल वा लाभ तथा दिगोपनाको विवरण,

(ग) आयोजना वा कार्यक्रम सम्पन्न गर्न लाग्ने समय,

(घ) एक आर्थिक वर्षभन्दा बढी अवधिको आयोजना वा कार्यक्रम भए प्रत्येक वर्षको लागि आवश्यक पर्ने रकम,

(ङ) आयोजना वा कार्यक्रमको कुल लागतमध्ये स्थानीय तहले व्यहोर्ने रकमको अनुपात र त्यस्तो स्रोतको विवरण,

(च) निजी क्षेत्र वा अन्य गैरसरकारी क्षेत्र समेतको साझेदारीमा आयोजना वा कार्यक्रम कार्यान्वयन गर्ने भए त्यस्तो साझेदारीको तरिका र ढाँचा,

(छ) क्रमागत आयोजना वा कार्यक्रम प्रस्ताव गरेको भएमा आयोजनाको कुल लागत, कुल ठेक्का अङ्क, हालसम्मको कुल निकासा रकम र वित्तीय तथा भौतिक प्रगति सम्बन्धी विवरण,

(७) उपदफा (१) बमोजिम समपूरक अनुदान माग गर्दा आयोजनाको कुल लागत रकममध्ये प्रदेश वा स्थानीय तहले व्यहोर्ने अंश बाहेक अन्य स्रोतबाट जुटाउने गरी प्रस्ताव गरिएको आयोजना वा कार्यक्रमको हकमा लगानी रकमको स्रोत सुनिश्चित हुने आधार समेत पेश गर्नु पर्नेछ।

(८) स्थानीय तहले समपूरक अनुदानबाट कार्यान्वयन हुने क्रमागत आयोजना वा कार्यक्रमको लागि प्रत्येक आर्थिक वर्ष बजेट माग गर्नु पर्नेछ। त्यसरी बजेट माग नगरेमा त्यस्तो आयोजना वा कार्यक्रम सम्पन्न गर्ने दायित्व सम्बन्धित स्थानीय तहको हुनेछ।

(९) स्थानीय तहले समपूरक अनुदानबाट सञ्चालन गर्ने आयोजना वा कार्यक्रम स्वीकृत अवधि भित्र सम्पन्न गर्नु पर्नेछ। सो अवधिभित्र सम्पन्न हुन नसकेमा त्यस्तो आयोजना वा कार्यक्रम सम्बन्धित स्थानीय तहले आफ्नै स्रोतबाट सम्पन्न गर्नु पर्नेछ।

(१०) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि मन्त्रालयले सञ्चालन गरेको विद्युतीय प्रणाली भन्दा बाहिरबाट प्रस्ताव गरेका आयोजना वा कार्यक्रमलाई मूल्याङ्कनमा समावेश गरिने छैन।

❋(११) दफा ६ को उपदफा (३) बमोजिमको उपसमितिले मूल्याङ्कन गर्दा दफा ४ को उपदफा (१) बमोजिमको अवधिभित्र आयोजना वा कार्यक्रमको प्रस्ताव नगरेका वा प्रस्तावित आयोजना वा कार्यक्रम रितपूर्वक पेस नगरेका स्थानीय तहको हकमा मन्त्रालयले एक पटकको लागि ७ दिनको म्याद दिई पुनः प्रस्ताव माग गर्न सक्नेछ।

❋(१२) यस कार्यविधि अनुसार स्थानीय तहले अन्य निकाय वा संघसंस्थाबाट कार्यान्वयन गर्ने वा पुनः अनुदान दिने वा लगानी गर्ने गरी आयोजना वा कार्यक्रम प्रस्ताव गर्न पाइने छैन।

**५. <u>पुराना आयोजना वा कार्यक्रम सम्पन्न नगरी नयाँ प्रस्ताव गर्न नपाइनेः</u>** (१) स्थानीय तहले साबिकमा सञ्चालनमा भइराखेका आयोजना वा कार्यक्रम सम्पन्न नगरी नयाँ आयोजना वा कार्यक्रम प्रस्ताव गर्न पाइने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो कार्यविधि प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेको क्रमागत आयोजना वा कार्यक्रम र नयाँ आयोजना वा कार्यक्रम समेत गरी दफा ४ को उपदफा (३) बमोजिमको सङ्ख्यामा नबढ्ने गरी आयोजना वा कार्यक्रम प्रस्ताव गर्न बाधा पर्ने छैन।

---

❋ पहिलो संशोधनद्वारा थप

६. **<u>आयोजना वा कार्यक्रम सिफारिस तथा छनोट समितिः</u>** (१) समपूरक अनुदानमा स्थानीय तहबाट प्रस्ताव भएको आयोजना वा कार्यक्रम छनोट गर्न देहाय बमोजिमको एक आयोजना वा कार्यक्रम छनोट समिति रहनेछः–

(क) सचिव, मन्त्रालय - संयोजक

(ख) महाशाखा प्रमुख(योजना हेर्ने),विषयगत मन्त्रालय - सदस्य

(ग) प्रशासकीय प्रमुख,कर्णाली प्रदेश योजना आयोग - सदस्य

(घ) प्रदेश लेखा नियन्त्रक, प्रदेश लेखा नियन्त्रक कार्यालय - सदस्य

(ङ) महाशाखा प्रमुख, बजेट तथा कार्यक्रम महाशाखा, मन्त्रालय - सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको समितिले उपदफा (३) बमोजिमको उपसमितिबाट मूल्याङ्कन भई प्रस्ताव भएका योजना तथा कार्यक्रमको प्रक्रिया पूरा भएका आयोजना तथा कार्यक्रमहरू छनोट गरी आर्थिक मामिला तथा योजना मन्त्री समक्ष प्रतिवेदन पेश गर्नेछ।

(३) मन्त्रालयमा विद्युतीय प्रणालीबाट पेस हुन आएका आयोजना तथा कार्यक्रमहरूको कार्यविधिमा उल्लिखित शर्तहरूको अधिनमा रही विस्तृत परीक्षण, मूल्याङ्कन, विश्लेषण गरी उपदफा (१) बमोजिमको समितिलाई सिफारिस गर्ने प्रयोजनको लागि देहाय बमोजिमको उपसमिति रहनेछः-

(क) राजस्व तथा वित्त व्यवस्थापन महाशाखा प्रमुख, मन्त्रालय - संयोजक

(ख) योजना शाखा प्रमुख,सम्बन्धित विषयगत मन्त्रालय - सदस्य

(ग) शाखा प्रमुख, बजेट तथा कार्यक्रम शाखा, मन्त्रालय - सदस्य

(घ) कानून अधिकृत, मन्त्रालय - सदस्य

(ङ) शाखा प्रमुख, आर्थिक प्रशासन शाखा, मन्त्रालय - सदस्य

(च) शाखा प्रमुख, सूचना प्रविधि शाखा, मन्त्रालय - सदस्य

(छ) शाखा प्रमुख, वित्तिय विश्लेषण शाखा, मन्त्रालय - सदस्य-सचिव

(४) उपदफा (१) र (३) बमोजिमको समितिले बैठक सम्बन्धी कार्यविधि आफैंले निर्धारण गरे बमोजिम हुनेछ, समितिले वैठकमा आवश्यक विषय विज्ञ आमन्त्रण गर्न सक्नेछ र समितिको सदस्य-सचिवको अनुपस्थितिमा समितिको कुनै सदस्यले सदस्य-सचिवको रूपमा काम गर्नुपर्नेछ।

(५) उपदफा (३) को उपसमितिलाई आयोजना तथा कार्यक्रम मूल्याङ्कन गर्ने क्रममा कुनै द्विविधा वा अस्पष्टता भएमा उपदफा (१) बमोजिमको समितिलाई जानकारी दिनुपर्नेछ। यसरी जानकारी आएको विषयमा तत्काल बैठक बसी समितिले आवश्यक निर्देशन दिनु पर्नेछ।

(६) उपदफा (१) बमोजिमको समितिले आयोजना तथा कार्यक्रमको मूल्याङ्कन गर्ने प्रयोजनको लागि अङ्कभार खुल्ने गरी आधार र ढाँचा निर्धारण गरी उपदफा (३) बमोजिमको उपसमितिलाई दिनु पर्नेछ।

❋(७) उपदफा (३) बमोजिमको उपसमितिले मूल्याङ्कन गर्दा प्रस्ताव भएका आयोजना वा कार्यक्रमको कुनै भाषिक, शाब्दिक वा प्राविधिक त्रुटी देखिएमा सम्बन्धित स्थानीय तहको अनुरोधको आधारमा मन्त्रालयले आयोजनाको नाम वा प्राथमिकताक्रम फरक नपर्ने गरी त्रुटी सच्याउन सक्नेछ।

७. <u>**आयोजना वा कार्यक्रम छनोट गरी सिफारिस गर्ने:**</u> (१) समपूरक अनुदानको लागि प्रस्ताव भएको आयोजना वा कार्यक्रम दफा ६ को उपदफा (३) बमोजिमको उपसमितिले देहायको आधारमा मूल्याङ्कन गरी दफा ६ को उपदफा (१) बमोजिमको समिति समक्ष प्रतिवेदन पेस गर्नुपर्नेछः-

(क) निर्धारित लागत अनुमान सीमा भित्र भएको,

(ख) आयोजना वा कार्यक्रमको आवश्यकता भएको,

---

❋ पहिलो संशोधनद्वारा थप

(ग) प्रदेश सरकारको प्राथमिकतामा परेको क्षेत्रसँग सम्बन्धित भएको,

(घ) स्थानीय तहको आधारभूत पूर्वाधार निर्माणसँग सम्बन्धित भएको,

(ङ) स्थानीय स्रोतसाधन र सीपको अधिकतम उपयोग हुने,

(च) प्रदेशको आवधिक योजनाले लिएको उद्देश्य तथा प्राथमिकतासँग मेल खाने र प्रदेश अन्तरगतका स्थानीय तहहरू बीचको सन्तुलन कायम गर्न सहयोग पुग्ने।

(२) दफा ६ को उपदफा (३) बमोजिमको उपसमितिले दफा ४ बमोजिम आयोजना तथा कार्यक्रम प्रस्ताव गर्ने स्थानीय तहहरूमध्येबाट गत आर्थिक वर्षमा समपुरक अनुदान नपाएका स्थानीयतहबाट रित पूर्वक प्रस्ताव भई आएका आयोजना तथा कार्यक्रमलाई प्राथमिकता दिनुपर्नेछ।

(३) दफा ६ को उपदफा (३) बमोजिमको उपसमितिले आयोजना वा कार्यक्रम छनोटका लागि सिफारिस गर्दा उपदफा (१) मा उल्लेख गरिएको आधारको अतिरिक्त दफा ६ को उपदफा (६) बमोजिमको ढाँचामा आयोजना वा कार्यक्रमको प्राथमिकता निर्धारण गरी सोको प्रतिवेदन चैत्र मसान्तभित्र समिति समक्ष पेश गर्नु पर्नेछ।

(४) समितिले आयोजना वा कार्यक्रम छनोट गर्दा एकमुष्ट बजेट विनियोजन नहुने गरी आयोजना वा कार्यक्रमगत रूपमा बजेट प्रस्ताव गर्नु पर्नेछ।

(५) समितिले आगामी आर्थिक वर्षको लागि आयोजना वा कार्यक्रम सिफारिस गर्दा समपुरक अनुदानको लागि निर्धारण गरिएको बार्षिक बजेट सीमाभित्र रही चालू आर्थिक वर्षको बैशाख मसान्त भित्र आर्थिक मामिला तथा योजना मन्त्री समक्ष प्रतिवेदन पेस गरिसक्नु पर्नेछ।

८. **<u>बजेट सूचना प्रणालीमा प्रविष्टि गर्नु पर्नेः</u>** (१) मन्त्रालयले दफा ७ को उपदफा (५) बमोजिम समितिबाट छनोट भएका आयोजना तथा

कार्यक्रमहरू मन्त्रालयगत बजेट सूचना प्रणाली (पिएलएमबीआइएस) मा प्रविष्टि गर्नु पर्नेछ।

(२) प्रदेश सरकारबाट प्रदेश सभामा बजेट पेश भएपछि मन्त्रालयले समपूरक अनुदानबाट कार्यान्वयन हुने आयोजना वा कार्यक्रमको विवरण आफ्नो वेबसाइटमार्फत् सार्वजनिक गर्नु पर्नेछ। सोको आधारमा सम्बन्धित स्थानीय तहले समपुरक अनुदान वापतका आयोजना तथा कार्यक्रम स्थानीय तह सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) मा प्रविष्टी गर्नुपर्नेछ।

९. <u>**प्रदेश सरकारले समपूरक अनुदान प्रदान गर्नेः**</u> (१) प्रदेश सरकारले मन्त्रालयबाट छनोट भएको आयोजना वा कार्यक्रम कार्यान्वयनको लागि त्यस्तो आयोजनाको कुल लागत, प्रकृति, कार्यान्वयन गर्नुपर्ने आवश्यकता, प्राथमिकता, कार्यान्वयनबाट हुन सक्ने उपलब्धि र आर्थिक, सामाजिक, पूर्वाधार विकासको अवस्था, राजस्व क्षमता तथा भौगोलिक अवस्थिति समेतको आधारमा स्थानीय तहलाई अनुसूची-३ बमोजिमको रकम समपूरक अनुदानको रूपमा प्रदान गर्न सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निजीक्षेत्रसँगको साझेदारी रहेको, सार्वजनिक-निजी साझेदारीमा आधारित वा सहलगानीमा आधारित पूर्वाधार विकास सम्बन्धी कुनै आयोजना वा कार्यक्रम कार्यान्वयन गरिने रहेछ भने त्यस्तो आयोजना वा कार्यक्रमको कुल लागतमध्ये स्थानीय तह र निजीक्षेत्रले व्यहोर्ने रकम बाहेक अपुग हुने सम्भाव्यता न्यून परिपूरक कोष (भायाविलिटी ग्याप फन्डिङ) रकमको अधिकतम पचास प्रतिशत प्रदेश सरकारले समपूरक अनुदानको रूपमा सम्बन्धित स्थानीय तहलाई प्रदान गर्न सक्नेछ।

(३) दफा ३ को उपदफा (२) बमोजिम प्रस्तावित आयोजनामा प्रदेश र स्थानीय तहको लागत साझेदारीको अनुपात अनुसूची-४ बमोजिम हुनेछ।

तर, यो कार्यविधि प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेको क्रमागत आयोजना वा कार्यक्रमको लागत साझेदारी अनुपात साबिककै व्यवस्था बमोजिम हुनेछ।

(४) समपूरक अनुदानबाट कार्यान्वयन हुने आयोजना वा कार्यक्रमको लागि प्रदेश सरकारले अनुदान उपलब्ध गराउँदा सम्बन्धित स्थानीय तहबाट उक्त आयोजना वा कार्यक्रममा भएको कार्यप्रगतिको आधारमा त्रैमासिक रूपमा रकम उपलब्ध गराइनेछ।

(५) स्थानीय तहले समपूरक अनुदानबाट कार्यान्वयन भइरहेको आयोजना वा कार्यक्रमको कार्यसम्पन्न प्रतिवेदन पेश गरेपछि मात्र त्यस्तो आयोजना वा कार्यक्रमको अन्तिम किस्ता बापतको रकम सम्बन्धित स्थानीय तहलाई उपलब्ध गराइनेछ।

१०. **समपूरक अनुदान प्रदान नगरिने:** यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले देहायका विषय वा प्रकृतिका आयोजना वा कार्यक्रमको लागि समपूरक अनुदान प्रदान गर्ने छैनः...

(क) तलब भत्ता, मसलन्द लगायतका साधारण खर्च तथा ऋण भुक्तानी,

(ख) कुनै राजनीतिक वा धार्मिक समूह विशेषको हित वा स्वार्थ रहेको आयोजना वा कार्यक्रम,

(ग) वातावरणमा प्रतिकूल प्रभाव पर्ने प्रकृतिका आयोजना वा कार्यक्रम,

(घ) दफा ३ को उपदफा (२) मा उल्लिखित सीमाभन्दा घटी वा बढी लागत अनुमान भएको आयोजना वा कार्यक्रम।

११. **मध्यमकालीन खर्च संरचनामा समावेश गर्नु पर्ने:** स्थानीय तहले समपूरक अनुदानबाट कार्यान्वयन गर्ने आयोजना वा कार्यक्रमलाई अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम तयार गर्नु पर्ने मध्यमकालीन खर्च संरचनामा समावेश गर्नु पर्नेछ।

**१२. <u>अनुदान रकम खर्च गर्ने प्रक्रियाः</u>** (१) स्थानीय तहले समपूरक अनुदान रकम खर्च गर्दा जुन आयोजना वा कार्यक्रमको लागि अनुदान प्राप्त भएको हो सोही आयोजना वा कार्यक्रममा मात्र खर्च गर्नु पर्नेछ।

(२) समपूरक अनुदान बापत प्राप्त रकम उपभोक्ता समिति मार्फत् खर्च गर्न पाइने छैन।

(३) स्थानीय तहले प्राप्त गर्ने समपूरक अनुदान बापतको रकम आफ्नो वार्षिक कार्यक्रममा समावेश गरी खर्च गर्नु पर्नेछ।

(४) प्रदेश लेखा नियन्त्रक कार्यालय तथा इकाई कार्यालयबाट समपूरक अनुदान पहिलो किस्ता निकासा माग गर्दा आयोजनाको खरिद योजना, ठेक्का सम्झौता र बाँकी किस्ताको हकमा सम्बन्धित आयोजना वा कार्यक्रमको कार्य प्रगति विवरण पेश गर्नु पर्नेछ।

(५) स्थानीय तहले समपूरक अनुदान रकम खर्च गर्दा आन्तरिक नियन्त्रण प्रणाली अपनाई आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व र सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानूनको अधीनमा रही मितव्ययी र पारदर्शी किसिमले खर्चको प्रत्येक भुक्तानीमा तोकिएको अनुपातको पूर्ण पालना गरी विद्युतीय भुक्तानी प्रणालीमार्फत् भुक्तानी गर्नु पर्नेछ।

(६) समपूरक अनुदानबाट भएको खर्चको प्रचलित कानून बमोजिम आन्तरिक र अन्तिम लेखापरीक्षण गराउने दायित्व आयोजना वा कार्यक्रम कार्यान्वयन गर्ने सम्बन्धित स्थानीय तहको हुनेछ।

❋(७) यस कार्यविधि बमोजिम स्थानीय तहबाट कार्यान्वयन हुने गरी हस्तान्तरित आयोजना वा कार्यक्रम आफैले कार्यान्वयन नगरी अन्य निकाय वा संघसंस्थाबाट कार्यान्वयन गराउन वा पुनः अनुदान दिन वा लगानी गर्न पाइने छैन।

**१३. <u>रकम प्रदेश सञ्चित कोषमा फिर्ता गर्नु पर्नेः</u>** (१) सम्बन्धित स्थानीय तहले समपुरक अनुदानको आयोजना वा कार्यक्रमको ठेक्का सम्झौता

---

❋ पहिलो संशोधनद्वारा थप

रकम आयोजनाको लागि विनियोजित बजेट भन्दा कम हुन गएमा सम्झौता रकमको आधारमा प्रदेशको हिस्सामा पर्ने रकम गणना गरी सोको विवरण मन्त्रालय र सम्बन्धित प्रदेशलेखा नियन्त्रक कार्यालय वा इकाई कार्यालयमा पेश गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम स्थानीय तहबाट प्राप्त विवरणका आधारमा प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाई कार्यालयले सोको अभिलेख राखि सोही बमोजिम अनुदान निकासाको किस्ता मिलान गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम मिलान हुन बाँकी रहेको रकम र अन्य कारणले खर्च हुन नसकी बाँकी रहन गएको रकम सम्बन्धित स्थानीय तहले अनुदान प्राप्त गरेको आर्थिक वर्षको विनियोजन ऐन बमोजिम प्रदेश सञ्चित कोषमा फिर्ता गर्नु पर्नेछ।

**१४. आयोजना वा कार्यक्रमको नाम हेरफेर गर्न वा रकम रकमान्तर गर्न नहुनेः** समपूरक अनुदान अन्तर्गत सञ्चालन हुने गरी छनोट भएको आयोजना वा कार्यक्रमको लागि बजेटमा विनियोजित रकम सो बाहेक अर्को आयोजनाको लागि स्थानान्तरण (ट्रान्सफर) गर्न, नाम, क्रियाकलाप, आयोजना स्थल परिवर्तन गर्न वा त्यस्तो आयोजना वा कार्यक्रमको लागि विनियोजित रकमबाट कुनै रकम अन्य कार्यक्रममा रकमान्तर गर्न पाइने छैन।

**१५. निर्देशन दिन सक्नेः** (१) समपूरक अनुदानबाट सञ्चालन कुनै आयोजना वा कार्यक्रम त्यस्तो आयोजना वा कार्यक्रमको उद्देश्य अनुरूप सञ्चालन नभएमा, कायम गर्नुपर्ने गुणस्तर कायम गरेको नदेखिएमा, समयमा कार्य सम्पन्न नहुने अवस्था भएमा वा कुनै कारणले आयोजना वा कार्यक्रम कार्यान्वयनमा कुनै सुधार गर्नु पर्ने देखिएमा मन्त्रालयले स्थानीय तहको सम्बन्धित पक्षलाई आवश्यक निर्देशन दिन सक्नेछ।

(२) कुनै पूर्वाधार निर्माण सम्बन्धी आयोजना वा कार्यक्रमको काम सम्पन्न भएको तर त्रुटि सच्याउने अवधि (डिफेक्ट लायबिलिटि

पिरियड) वा निश्चित अवधि पूरा नहुँदै कामको गुणस्तरमा ह्रास आएको पाइएमा मन्त्रालयले विषयगत मन्त्रालयको समन्वय र सहकार्यमा छानबिन गरी स्थानीय तहको सम्बन्धित पक्षलाई आवश्यक मर्मत सम्भार वा सुधारको लागि निर्देशन दिन सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम दिएको निर्देशनको पालना गर्नु सम्बन्धित स्थानीय तहको कर्तव्य हुनेछ।

१६. **अनुगमन तथा प्रतिवेदनः** (१) समपूरक अनुदानबाट कार्यान्वयन हुने आयोजना लक्षित प्रतिफल प्राप्त हुने गरी प्रभावकारी रूपमा कार्यान्वयन भए वा नभएको सम्बन्धमा सम्बन्धित स्थानीय तहले नियमित रूपमा अनुगमन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम स्थानीय तहले आयोजना वा कार्यक्रमको अनुगमन गरेपछि सोको प्रतिवेदन सम्बन्धित जिल्ला समन्वय समितिमा पेश गर्नु पर्नेछ।

(३) समपूरक अनुदानबाट सञ्चालन हुने आयोजना लक्षित प्रतिफल प्राप्त हुने गरी प्रभावकारी रूपमा सञ्चालन भए वा नभएको सम्बन्धमा मन्त्रालय तथा सम्बन्धित जिल्लाको समन्वय समितिले अनुगमन गरी आवश्यक सुझाव दिन सक्नेछ। त्यसरी दिइएको सुझाव सहितको अनुगमन प्रतिवेदन मन्त्रालयमा पेश गर्नु पर्नेछ।

(४) स्थानीय तहले समपूरक अनुदानबाट कार्यान्वयन गरिएको आयोजना वा कार्यक्रमको प्रगति प्रतिवेदन अनुसूची-५ बमोजिमको ढाँचामा तयार गरी मन्त्रालयले निर्धारण गरेको विद्युतीय प्रणालीमा त्रैमासिक रूपमा प्रविष्टि गर्नु पर्नेछ। त्यस्तो प्रतिवेदन प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित जिल्लाको प्रदेश लेखा इकाई कार्यालयमा समेत पठाउनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम विद्युतीय प्रणालीमार्फत् प्राप्त भएको प्रगतिको आधारमा मन्त्रालयले वार्षिक रूपमा एकीकृत प्रतिवेदन तयार गरी सार्वजनिक गर्नेछ।

(६) स्थानीय तहले सञ्चालन भइरहेको आयोजना वा कार्यक्रमको काम कारबाहीलाई स्वच्छ, पारदर्शी र वस्तुनिष्ठ बनाउन विवरण खुल्ने गरी आयोजना वा कार्यक्रम स्थलमा आयोजना वा कार्यक्रमको जानकारी समेटिएको सूचनापाटी राख्नु पर्नेछ।

(७) स्थानीय तहले सञ्चालन गरेको आयोजना वा कार्यक्रमको सम्बन्धित विषय विज्ञ, लाभग्राही वर्ग र स्थानीय समुदाय वा सरोकारवाला र नागरिक समाजको सहभागितामा वर्षको कम्तीमा एक पटक सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(८) उपदफा (७) बमोजिम सार्वजनिक सुनुवाई गर्दा सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम १९ बमोजिमको कार्यविधि अवलम्बन गर्नु पर्नेछ।

**१७. <u>अनुदान रोक्का वा कट्टा गर्न सकिने:</u>** (१) समपूरक अनुदानबाट सञ्चालनमा रहेको आयोजना वा कार्यक्रमको लक्षित उद्देश्य अनुरूप कार्य प्रगति हुन नसकेमा, मङ्सिर मसान्तभित्र ठेक्का सूचना हुन नसकेमा वा मन्त्रालयले दफा १५ बमोजिम दिएको निर्देशन पालना नगरेमा वा पेश गर्नु पर्ने प्रगति प्रतिवेदन पेश नगरेमा वा सम्पन्न भएको काम तोकिएको गुणस्तर अनुरूप भएको नपाइएमा वा तोकिएको समयभित्र काम सम्पन्न नगरेमा मन्त्रालयले समपूरक अनुदान रकम सोही आर्थिक वर्ष वा आगामी आर्थिक वर्षहरूमा प्रदान गरिने समपूरक अनुदान रकमबाट रोक्का राख्न वा कट्टा गर्न सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय तहले प्रगति प्रतिवेदन पेश गरेमा, तोकेको समयमा कार्य सम्पन्न गरेमा वा कामको गुणस्तरमा आवश्यक सुधार गरेमा त्यसरी रोक्का राखेको रकम मन्त्रालयले जुनसुकै बखत फुकुवा गर्न सक्नेछ।

**१८. <u>आयोजना वा कार्यक्रमको सञ्चालन गर्ने जिम्मेवारी:</u>** समपूरक अनुदानबाट सम्पन्न भएको आयोजना वा कार्यक्रमको व्यवस्थापन तथा सञ्चालन गर्ने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुनेछ। त्यस्तो आयोजना वा

कार्यक्रमको व्यवस्थापन तथा सञ्चालनको लागि प्रदेश सरकारले कुनै दायित्व वहन गर्ने छैन।

**१९.** <u>**अनुसूचीमा हेरफेर:**</u> मन्त्रालयले यस कार्यविधिको अनुसूचीमा आवश्यकता अनुसार हेरफेर गर्न सक्नेछ।

**२०.** <u>**खारेजी र बचाऊ**</u>: (१) कर्णाली प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ खारेज गरिएको छ।

(२) कर्णाली प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ बमोजिम भए गरेका काम कारबाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

## अनुसूची-१

*(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)*

## समपूरक अनुदान प्रस्ताव गर्ने फाराम

(१) अनुदान माग गर्ने स्थानीय तहको नामः

(२) ठेगानाः

(३) सम्पर्क फोन ...................

फ्याक्स...................इमेलः...................

(४) आयोजना वा कार्यक्रमको संक्षिप्त विवरणः

| नाम र रहेको स्थान | लागत अनुमान रकम | आर्थिक वर्ष अनुसार आवश्यक पर्ने रकम | | लाभान्वित हुने जनसंख्या |
|---|---|---|---|---|
| | | पहिलो वर्ष | दोस्रो वर्ष | |
| ............ | ............. | .......... | .......... | ......... |

(५) आयोजना वा कार्यक्रमको कुल लागतमध्ये स्थानीय तहले व्यहोर्ने रकमको अनुपात र त्यस्तो स्रोतको विवरण:

क) अनुपातः ख) स्रोतको विवरणः

(६) आयोजना वा कार्यक्रममा निजी क्षेत्र, सहकारी तथा अन्य गैरसरकारी क्षेत्रको सहभागिता रहने भए सोको अनुपात वा हिस्सा रकमः........

क) निजी क्षेत्रको अनुपात वा हिस्सा............

ख) सहकारी क्षेत्रको अनुपात वा हिस्सा...........

ग) अन्य गैरसरकारी क्षेत्रको अनुपात वा हिस्सा.............

(७) निजी क्षेत्र समेतको साझेदारीमा आयोजना वा कार्यक्रम कार्यान्वयन गर्ने भए त्यस्तो साझेदारीको तरिका र ढाँचा:

(८) प्रदेश सरकारले समपूरक अनुदानमार्फत् व्यहोर्ने प्रस्तावित रकमः रू .............

(९) आयोजना वा कार्यक्रम कार्यान्वयन गर्नु पर्ने आवश्यकता र प्राथमिकताको पुष्ट्याँई :............

(१०) आयोजना वा कार्यक्रमबाट प्राप्त हुने मापनयोग्य प्रतिफल वा लाभ तथा दिगोपना :............

(११) संलग्न आवश्यक कागजातहरूः

(क) आयोजना वा कार्यक्रमको लागत अनुमान र सो लाई पुष्टि गर्ने अन्य आवश्यक कागजात,

(ख) प्रचलित कानून बमोजिम आयोजना वा कार्यक्रमको कार्यान्वयन गर्दा वातावरणीय प्रभाव अध्ययन आवश्यक पर्नेमा सोको स्वीकृत प्रतिवेदन,

(ग) एक भन्दा बढी आयोजना वा कार्यक्रम प्रस्ताव गरेमा ती आयोजनाहरू प्राथमिकीकरण,

(घ) आयोजना तथा कार्यक्रम प्रस्ताव गर्ने सम्बन्धमा सम्बन्धित कार्यपालिकाको निर्णय र अनुसूची-२ बमोजिमको ढाँचामा शर्त पूरा भएको व्यहोराको प्रमाणीकरण,

प्रमुख प्रशासकीय अधिकृतको,
दस्तखतः
पदः
मितिः

## अनुसूची-२

*(दफा ४ को उपदफा (५) को खण्ड (घ) सँग सम्बन्धित)*

**<u>समपूरक अनुदानको लागि शर्त पूरा भएको प्रमाणित गर्ने फाराम</u>**

.................... स्थानीय तहको नाम

.................... ठेगाना

| समपूरक अनुदानमा कार्यान्वयन गरिने आयोजना वा कार्यक्रमको नाम र प्राथमिकताक्रम | | |
|---|---|---|
| आयोजना वा कार्यक्रमको नाम | प्राथमिकताक्रम | नयाँ/क्रमागत |
| १).................. | .................... | .................... |
| २).................. | .................... | .................... |
| ३).................. | .................... | .................... |

१. आयोजना वा कार्यक्रमको कुल लागत निर्धारित सीमाभित्र रहेको,

२. आयोजना वा कार्यक्रम स्थानीय तहको आयोजना बैङ्क तथा मध्यमकालीन खर्च संरचनामा समावेश भएको,

३. आयोजना वा कार्यक्रमको लागत अनुमान र सोलाई पुष्टि गर्ने अन्य आवश्यक कागजात,स्वीकृत भएको,

४. प्रचलित कानून बमोजिम आयोजना वा कार्यक्रमको कार्यान्वयन गर्दा वातावरणीय प्रभाव अध्ययन आवश्यक पर्नेमा सोको प्रतिवेदन स्वीकृत भएको,

५. आयोजना वा कार्यक्रमको कार्यान्वयन कार्ययोजना तयार भएको,

६. अन्य कुनै तह वा स्रोतबाट कार्यान्वयन गर्ने आयोजना वा कार्यक्रमसँग दोहोरो नपरेको,

७. क्रमागत आयोजना सहित अधिकतम तीन वटासम्म आयोजना वा कार्यक्रमहरू प्रस्ताव गरेको,

८. क्रमागत तथा नयाँ आयोजना वा कार्यक्रम प्रस्ताव गर्नको लागि आयोजना वा कार्यक्रमको प्राथमिकीकरण विवरण सम्बन्धित कार्यपालिकाको निर्णय भएको,

९. आयोजना वा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन व्यवस्था सुनिश्चित भएको,

१०. आयोजना वा कार्यक्रमको दिगोपनको सन्दर्भमा व्यवस्थापन तथा सञ्चालन सुनिश्चितता भएको,

११. आयोजना वा कार्यक्रमको लागि आवश्यक पर्ने जग्गा प्राप्त भएको,

१२. आयोजनाको निर्माणस्थलको निर्माण स्थल तयारी (Site Clearance) भएको।

**आयोजना वा कार्यक्रम प्रस्तावसँग सम्बन्धित माथिका शर्तहरू पूरा भएको प्रमाणित गर्दछु।**

| <u>प्रमुख प्रशासकीय अधिकृतः-</u> | स्थानीय तह प्रमुख/अध्यक्षः- |
|---|---|
| नाम थर: | नाम थर: |
| पद: | पद: |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |

<u>प्रमाणित गरिएबमोजिम मन्त्रालयको समपूरक अनुदान प्रणालीमा प्रविष्टि गर्ने कर्मचारीको</u>,-

नाम थर:

पद:

दस्तखत : कार्यालयको छापः

प्रविष्टि मिति:

## अनुसूची-३

*(दफा ९ को उपदफा (१) सँग सम्बन्धित)*

## स्थानीय तहको वर्गीकरण

| समूह : क | | | | |
|---|---|---|---|---|
| क्र. सं. | स्थानीय तह | | क्र. सं. | स्थानीय तह |
| १ | छार्का ताङसोङ गाउँपालिका, डोल्पा | | १५ | शिवालय गाउँपालिका, जाजरकोट |
| २ | डोल्पो बुद्ध गाउँपालिका, डोल्पा | | १६ | पचालझरना गाउँपालिका, कालिकोट |
| ३ | शे-फोक्सुण्डो गाउँपालिका, डोल्पा | | १७ | खत्याड गाउँपालिका, मुगु |
| ४ | सोरु गाउँपालिका, मुगु | | १८ | शुभ कालीका गाउँपालिका, कालिकोट |
| ५ | चंखेली गाउँपालिका, हुम्ला | | १९ | नरहरीनाथ गाउँपालिका, कालिकोट |
| ६ | ताजाकोट गाउँपालिका, हुम्ला | | २० | महावै गाउँपालिका, कालिकोट |
| ७ | नाम्खा गाउँपालिका, हुम्ला | | २१ | पलता गाउँपालिका, कालिकोट |
| ८ | काइके गाउँपालिका, डोल्पा | | २२ | तिलागुफा नगरपालिका, कालिकोट |
| ९ | अदानचुली गाउँपालिका, हुम्ला | | २३ | त्रिपुरासुन्दरी नगरपालिका, डोल्पा |
| १० | सर्केगाड गाउँपालिका, हुम्ला | | २४ | सान्नी त्रीवेणी गाउँपालिका, कालिकोट |
| ११ | मुगुम कार्मारोङ गाउँपालिका, मुगु | | २५ | जगदुल्ला गाउँपालिका, डोल्पा |
| १२ | जुनिचादे गाउँपालिका, जाजरकोट | | २६ | कुसे गाउँपालिका, जाजरकोट |
| १३ | खार्पुनाथ गाउँपालिका, हुम्ला | | २७ | मुड्केचुला गाउँपालिका, डोल्पा |
| १४ | रास्कोट नगरपालिका, कालिकोट | | २८ | बारेकोट गाउँपालिका, जाजरकोट |

| समूह : ख | | | | |
|---|---|---|---|---|
| क्र. सं. | स्थानीय तह | | क्र. सं. | स्थानीय तह |
| १ | नलगाड नगरपालिका, जाजरकोट | | १६ | कनकासुन्दरी गाउँपालिका, जुम्ला |
| २ | बनगाड नगरपालिका, सल्यान | | १७ | भेरी नगरपालिका, जाजरकोट |
| ३ | छायाँनाथ रारा नगरपालिका, मुगु | | १८ | आठबिसकोट नगरपालिका, रुकुम पश्चिम |
| ४ | डुङ्गेश्वर गाउँपालिका, दैलेख | | १९ | नौमुले गाउँपालिका, दैलेख |
| ५ | महावु गाउँपालिका, दैलेख | | २० | चौकुने गाउँपालिका, सुर्खेत |
| ६ | तातोपानी गाउँपालिका, जुम्ला | | २१ | कुमाख गाउँपालिका, सल्यान |
| ७ | ठाँटीकाध गाउँपालिका, दैलेख | | २२ | छेडागाड नगरपालिका, जाजरकोट |
| ८ | सिमकोट गाउँपालिका, हुम्ला | | २३ | भैरवी गाउँपालिका, दैलेख |

| | | | | |
|---|---|---|---|---|
| ९ | आठविस नगरपालिका, दैलेख | | २४ | तिला गाउँपालिका, जुम्ला |
| १० | सिद्ध कुमाख गाउँपालिका, सल्यान | | २५ | दार्मा गाउँपालिका, सल्यान |
| ११ | सानीभेरी गाउँपालिका,रुकुम पश्चिम | | २६ | गुठीचौर गाउँपालिका, जुम्ला |
| १२ | बाँफिकोट गाउँपालिका, रुकुम पश्चिम | | २७ | हिमा गाउँपालिका, जुम्ला |
| १३ | भगवतिमाइ गाउँपालिका, दैलेख | | २८ | पातारासी गाउँपालिका, जुम्ला |
| १४ | सिंजा गाउँपालिका, जुम्ला | | २९ | चिङ्गाड गाउँपालिका, सुर्खेत |
| १५ | चामुण्डा विन्द्रासैनी नगरपालिका, दैलेख | | ३० | खाडाचक्र नगरपालिका, कालिकोट |
| **समूह : ग** | | | | |
| **क्र. सं.** | **स्थानीय तह** | | **क्र. सं.** | **स्थानीय तह** |
| १ | लेकवेशी नगरपालिका, सुर्खेत | | ११ | चौरजहारी नगरपालिका,रुकुम पश्चिम |
| २ | ठुलिभेरी नगरपालिका, डोल्पा | | १२ | त्रिवेणी गाउँपालिका, सल्यान |
| ३ | सारदा नगरपालिका, सल्यान | | १३ | बागचौर नगरपालिका, सल्यान |
| ४ | गुर्भाकोट नगरपालिका, सुर्खेत | | १४ | चन्दननाथ नगरपालिका, जुम्ला |
| ५ | मुसिकोट नगरपालिका, रुकुम पश्चिम | | १५ | कालीमाटी गाउँपालिका, सल्यान |
| ६ | गुरास गाउँपालिका, दैलेख | | १६ | नारायण नगरपालिका, दैलेख |
| ७ | दुल्लु नगरपालिका, दैलेख | | १७ | त्रिवेणी गाउँपालिका, रुकुम पश्चिम |
| ८ | सिम्ता गाउँपालिका, सुर्खेत | | १८ | छत्रेश्वरी गाउँपालिका, सल्यान |
| ९ | कपुरकोट गाउँपालिका, सल्यान | | १९ | पञ्चपुरी नगरपालिका, सुर्खेत |
| १० | बराहताल गाउँपालिका, सुर्खेत | | | |
| **समूह : घ** | | | | |
| **क्र. सं.** | **स्थानीय तह** | | **क्र. सं.** | **स्थानीय तह** |
| १ | वीरेन्द्रनगर नगरपालिका, सुर्खेत | | २ | भेरिगङ्गा नगरपालिका, सुर्खेत |

**द्रष्टव्यः-**

१. नेपाल सरकारबाट जारी भएको समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०८१ को अनुसूची-३ मा गरिएको बर्गीकरण तथा कर्णाली प्रदेश अन्तर्गतका स्थानीय तहको भौगोलिक अवस्थिति आधारमा उपरोक्तानुसार वर्गीकरण गरिएको।

## अनुसूची-४

*(दफा ९ को उपदफा (३) सँग सम्बन्धित)*

## प्रदेश सरकार र स्थानीय तहको लागत साझेदारीको अनुपात

| स्थानीय तहको वर्ग | प्रदेश सरकारले उपलब्ध गराउने अधिकतम अनुदान | स्थानीय सरकारले विनियोजन गर्ने न्यूनतम प्रतिशत |
|---|---|---|
| "क" | ७० | ३० |
| "ख" | ६० | ४० |
| "ग" | ५० | ५० |
| "घ" | ४० | ६० |

**अनुसूची-५**

*(दफा १६ को उपदफा (४) सँग सम्बन्धित)*

## प्रगति प्रतिवेदनको ढाँचा

आयोजना वा कार्यक्रम कार्यान्वयन गर्ने स्थानीय तहको नामः ठेगानाः

सम्पर्क फोन नः इमेलः

जिम्मेवार पदाधिकारीको नाम र सम्पर्क नं.

| क्र. सं. | आयोजना वा कार्यक्रमको नाम | आयोजना वा कार्यक्रम सञ्चालन भएको स्थान (गाउँ/नगरपालिका, वडा नम्बर) | कुल लागत (लागत अनुमान बमोजिमको) | ठेक्का सम्झौता भएको रकम | चालू आ.व.मा कुल विनियोजन | ......अवधिको लक्ष्य | | ....अवधिको प्रगति | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | भौतिक | वित्तीय | भौतिक | वित्तीय | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

तयार गर्नेः प्रमाणित गर्नेः

*आज्ञाले,*

**रविलाल शर्मा**

**प्रदेश सरकारको सचिव**

# कर्णाली प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि, २०८१

**<u>प्रस्तावनाः</u>** प्रदेश सरकारको आवधिक योजनाले लिएको उद्देश्य प्राप्त गर्न, प्रादेशिक नीति र प्राथमिकता कार्यान्वयन गर्न, समावेशी र सन्तुलित कार्यक्रम मार्फत स्थानीय तहहरू बीचको असमानता कम गर्न, प्रदेशमा रहेको विभेद र बञ्चितीमा परेका वर्ग तथा समुदायको उत्थान एवम् विकास गर्न सघाउ पुऱ्याउने गरी लक्षित आयोजना तथा कार्यक्रम सञ्चालन गर्न वाञ्छनीय भएकोले,

कर्णाली प्रदेश वित्तीय हस्तान्तरण (व्यवस्थापन) ऐन, २०७५ को दफा ९ ले दिएको अधिकार प्रयोग गरी कर्णाली प्रदेश सरकारले देहायको कार्यविधि बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस कार्यविधिको नाम "कर्णाली प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि २०८१" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>परिभाषा</u>**ः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "आयोजना वा कार्यक्रम" भन्नाले विशेष अनुदानमा सञ्चालन गरिने दफा ३ को उपदफा (१) बमोजिमको आयोजना वा कार्यक्रम सम्झनु पर्छ।

(ख) "ऐन" भन्नाले "कर्णाली प्रदेश वित्तीय हस्तान्तरण (व्यवस्थापन) ऐन, २०७५" सम्झनु पर्छ।

(ग) "प्रदेश सरकार" भन्नाले कर्णाली प्रदेश सरकारलाई सम्झनु पर्छ।

(घ) "मन्त्रालय" भन्नाले कर्णाली प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालयलाई सम्झनु पर्छ।

(ङ) "विषयगत मन्त्रालय" भन्नाले कार्यक्रमसँग सम्बन्धित कर्णाली प्रदेश सरकार अन्तर्गतका मन्त्रालयलाई सम्झनु पर्छ।

(च) "विद्युतीय प्रणाली" भन्नाले स्थानीय तहले विशेष अनुदान प्रस्ताव गर्न मन्त्रालयबाट सञ्चालित अनलाइन प्रणालीलाई सम्झनु पर्छ।

(छ) "विशेष अनुदान" भन्नाले कर्णाली प्रदेश वित्तीय हस्तान्तरण (व्यवस्थापन) ऐन, २०७५ को दफा ७ बमोजिमको अनुदान सम्झनुपर्छ।

(ज) "समिति" भन्नाले यस कार्यविधिको दफा ५ को उपदफा (१) बमोजिमको योजना तथा कार्यक्रम छनोट समिति सम्झनु पर्छ।

(झ) "स्थानीय तह" भन्नाले कर्णाली प्रदेशभित्रका गाउँपालिका तथा नगरपालिकालाई सम्झनु पर्छ।

३. **<u>विशेष अनुदान प्रदान गरिने क्षेत्र र रकमको सीमाः</u>** (१) प्रदेश सरकारले स्थानीय तहबाट कार्यान्वयन गरिने देहायका कुनै क्षेत्रमा अनुसूची-१ सँग सम्बन्धित कार्यक्रम सञ्चालनको लागि विशेष अनुदान प्रदान गर्न सक्नेछः

(क) शैक्षिक विकासको लागि सेवाको गुणस्तर अभिवृद्धि,

(ख) आधारभूत स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धि,

(ग) आधारभूत खानेपानी तथा सरसफाइ सुविधाबाट बञ्चित, दलित, लोपोन्मुख तथा आर्थिक सामाजिक रूपले पिछडिएको समुदाय लक्षित गरी सञ्चालन गरिने खानेपानी तथा सरसफाइ,

(घ) आर्थिक, सामाजिक वा अन्य कुनै प्रकारले विभेदमा परेका वर्ग वा समुदाय वा क्षेत्रको उत्थान तथा विकासको लागि लक्षित गरी सञ्चालन गरिने उत्पादन र उत्पादकत्व वृद्धि, आयआर्जन तथा जीविकोपार्जन सुधार,

(ङ) प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेटमा प्रदेश र स्थानीय तहबीच सहकार्य र संयुक्त लगानीमा

कार्यान्वयन गर्ने गरी निर्धारण गरिएको आयोजना वा कार्यक्रम।

(२) स्थानीय तहले विशेष अनुदानको लागि आयोजना वा कार्यक्रम प्रस्ताव गर्दा त्यस्तो आयोजना वा कार्यक्रमको कुल लागत अनुमान रकम रू. बीस लाख देखि रू. साठी लाख रुपैयाँसम्मको हुनुपर्नेछ।

(३) उपदफा (२) बमोजिम आयोजना वा कार्यक्रम प्रस्ताव गर्दा त्यस्तो आयोजना वा कार्यक्रम सालवसाली रूपमा सम्पन्न हुन सक्ने आयोजना वा कार्यक्रम मात्र प्रस्ताव गर्नु पर्नेछ।

४. **विशेष अनुदान माग गर्नेः** (१) प्रत्येक वर्ष फागुन पहिलो हप्ताभित्र मन्त्रालयले आफ्नो वेवसाइटमा सूचना प्रकाशन गरी स्थानीय तहबाट आगामी आर्थिक वर्षमा विशेष अनुदानमा सञ्चालन गर्ने आयोजना वा कार्यक्रमको प्रस्ताव माग गर्नेछ।

(२) उपदफा (१) बमोजिम सूचना प्रकाशन भएपछि स्थानीय तहले अन्य स्रोत वा निकायबाट कार्यान्वयन हुने आयोजना वा कार्यक्रमसँग दोहोरो नपर्ने गरी तीस दिनभित्र मन्त्रालयमा विशेष अनुदानबाट कार्यान्वयन गरिने आयोजना वा कार्यक्रम मन्त्रालयले निर्धारण गरेको विद्युतीय प्रणालीमार्फत् अनुसूची-२ बमोजिमको ढाँचामा प्रस्ताव पेश गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम आयोजना वा कार्यक्रम प्रस्ताव गर्दा दफा ३ को उपदफा (२) बमोजिम बढीमा तीन वटासम्म आयोजना वा कार्यक्रम प्रस्ताव गर्न सकिनेछ।

(४) उपदफा (२) बमोजिम आयोजना वा कार्यक्रम प्रस्ताव गर्दा देहायका कागजात विद्युतीय प्रणालीमा प्रविष्टी गर्नु पर्नेछ।

(क) आयोजना वा कार्यक्रमको लागत अनुमान र सोलाई पुष्टि गर्ने अन्य आवश्यक कागजात वा अनुसूची-३

बमोजिमको आयोजना वा कार्यक्रम सञ्चालन प्रस्ताव (प्रपोजल)

(ख) प्रचलित कानून बमोजिम आयोजना वा कार्यक्रमको कार्यान्वयन गर्दा वातावरणीय प्रभाव अध्ययन आवश्यक पर्नेमा सोको स्वीकृत प्रतिवेदन,

(ग) एकभन्दा बढी आयोजना वा कार्यक्रम प्रस्ताव गरेमा सम्बन्धित कार्यपालिकाबाट भएको प्राथमिकीकरण सहितको निर्णय,

(घ) आयोजना वा कार्यक्रमको आवश्यक शर्तहरू पूरा भएको अनुसूची-४ बमोजिमको ढाँचाको प्रमाणित प्रति,

(५) उपदफा (४) बमोजिम आयोजना वा कार्यक्रम प्रविष्टि गर्दा देहायका विवरण समेत स्पष्ट रूपमा खुलाउनु पर्नेछः-

(क) आयोजना वा कार्यक्रम कार्यान्वयन गर्नुपर्ने आवश्यकता र प्राथमिकताको पुष्ट्याँई,

(ख) आयोजना वा कार्यक्रमको कुल लागत,

(ग) आयोजना वा कार्यक्रमबाट प्राप्त हुने मापनयोग्य प्रतिफल वा लाभ तथा दिगोपनाको विवरण,

(घ) आयोजना वा कार्यक्रम सम्पन्न गर्न लाग्ने समय,

(ङ) मन्त्रालयले तोकेको अन्य विवरण,

(६) उपदफा (२) बमोजिम स्थानीय तहले वडा, टोल, वस्तीका विभिन्न स्थानमा छरिएर रहेका अल्पसंख्यक, सीमान्तकृत र विपन्न लक्षित समुदाय समेतलाई सम्बोधन हुने गरी आयोजना वा कार्यक्रम प्रस्ताव गर्न सक्नेछ। त्यस्तो आयोजना वा कार्यक्रम प्रस्ताव गर्दा लक्षित समुदायको परिवार संख्या वडा, टोल र वस्ती लगाएतका अन्य विवरण समेत संलग्न गर्नुपर्नेछ।

(७) स्थानीय तहले विशेष अनुदानबाट सञ्चालन गर्ने आयोजना वा कार्यक्रम स्वीकृत अवधिभित्र सम्पन्न गर्नु पर्नेछ। सो अवधिभित्र

सम्पन्न हुन नसकेमा त्यस्तो आयोजना वा कार्यक्रम सम्बन्धित स्थानीय तहले आफ्नै स्रोतबाट सम्पन्न गर्नु पर्नेछ।

(८) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि मन्त्रालयले सञ्चालन गरेको विद्युतीय प्रणाली भन्दा बाहिरबाट प्रस्ताव गरेका आयोजना वा कार्यक्रमलाई मूल्याङ्कनमा समावेश गरिने छैन।

❋(९) दफा ५ को उपदफा (३) बमोजिमको उपसमितिले मूल्याङ्कन गर्दा दफा ४ को उपदफा (१) बमोजिमको अवधिभित्र आयोजना वा कार्यक्रमको प्रस्ताव नगरेका वा प्रस्तावित आयोजना वा कार्यक्रम रितपूर्वक पेस नगरेका स्थानीय तहको हकमा मन्त्रालयले एक पटकको लागि ७ दिनको म्याद दिई पुनः प्रस्ताव माग गर्न सक्नेछ।

❋(१०) यस कार्यविधि अनुसार स्थानीय तहले अन्य निकाय वा संघसंस्थाबाट कार्यान्वयन गर्ने वा पुनः अनुदान दिने वा लगानी गर्ने गरी आयोजना वा कार्यक्रम प्रस्ताव गर्न पाइने छैन।

**५.** **आयोजना वा कार्यक्रम सिफारिस तथा छनोट समितिः** (१) विशेष अनुदानमा स्थानीय तहबाट प्रस्ताव भएको आयोजना वा कार्यक्रम छनोट गर्न देहाय बमोजिमको एक आयोजना वा कार्यक्रम छनोट समिति रहनेछः–

(क) सचिव, मन्त्रालय - संयोजक

(ख) महाशाखा प्रमुख (योजना हेर्ने), विषयगत मन्त्रालय - सदस्य

(ग) प्रशासकीय प्रमुख, कर्णाली प्रदेश योजना आयोग - सदस्य

(घ) प्रदेश लेखा नियन्त्रक, प्रदेश लेखा नियन्त्रक कार्यालय - सदस्य

(ङ) महाशाखा प्रमुख, बजेट तथा कार्यक्रम महाशाखा, मन्त्रालय - सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको समितिले उपदफा (३) बमोजिमको उपसमितिबाट मूल्याङ्कन भई प्रस्ताव भएका योजना तथा

❋ पहिलो संशोधनद्वारा थप

कार्यक्रमको प्रक्रिया पूरा भएका आयोजना तथा कार्यक्रमहरू छनोट गरी आर्थिक मामिला तथा योजना मन्त्री समक्ष प्रतिवेदन पेश गर्नेछ।

(३) मन्त्रालयमा अनलाईन प्रणालीबाट पेस हुन आएका आयोजना तथा कार्यक्रमहरूको कार्यविधिमा उल्लिखित शर्तहरूको अधीनमा रही विस्तृत परीक्षण, मूल्याङ्कन, विश्लेषण गरी अनुसूची-5 बमोजिमका स्थानीय तहले प्रस्ताव गरेका आयोजना वा कार्यक्रमको प्राथमिकताक्रम निर्धारण गरी उपदफा (१) बमोजिमको समितिलाई सिफारिस गर्ने प्रयोजनको लागि देहायबमोजिमको उपसमिति रहनेछः-

(क) राजस्व तथा वित्त व्यवस्थापन महाशाखा प्रमुख, मन्त्रालय - संयोजक

(ख) योजना शाखा प्रमुख,सम्बन्धित विषयगत मन्त्रालय - सदस्य

(ग) शाखा प्रमुख, बजेट तथा कार्यक्रम शाखा, मन्त्रालय - सदस्य

(घ) कानून अधिकृत, मन्त्रालय - सदस्य

(ङ) शाखा प्रमुख, आर्थिक प्रशासन शाखा, मन्त्रालय - सदस्य

(च) शाखा प्रमुख, सूचना प्रविधि शाखा, मन्त्रालय - सदस्य

(छ) शाखा प्रमुख,वित्तिय विश्लेषण शाखा,मन्त्रालय - सदस्य-सचिव

(४) उपदफा (१) र (३) बमोजिमको समितिले बैठक सम्बन्धी कार्यविधि आफैंले निर्धारण गरे बमोजिम हुनेछ, समितिले वैठकमा आवश्यक विषय विज्ञ आमन्त्रण गर्न सक्नेछ र समितिको सदस्य-सचिवको अनुपस्थितिमा समितिको कुनै सदस्यले सदस्य-सचिवको रूपमा काम गर्नुपर्नेछ।

(५) उपदफा (३) को उपसमितिलाई आयोजना तथा कार्यक्रम मूल्याङ्कन गर्ने क्रममा कुनै द्विविधा वा अस्पष्टता भएमा उपदफा (१) बमोजिमको समितिलाई जानकारी दिनुपर्नेछ। यसरी जानकारी आएको विषयमा तत्काल बैठक बसी समितिले आवश्यक निर्देशन दिनु पर्नेछ।

(६) उपदफा (१) बमोजिमको समितिले आयोजना तथा कार्यक्रमको मूल्याङ्कन गर्ने प्रयोजनको लागि अङ्कभार खुल्ने गरी

आधार र ढाँचा निर्धारण गरी उपदफा (३) बमोजिमको उपसमितिलाई दिनु पर्नेछ।

*(७) उपदफा (३) बमोजिमको उपसमितिले मूल्याङ्कन गर्दा प्रस्ताव भएका आयोजना वा कार्यक्रमको कुनै भाषिक, शाब्दिक वा प्राविधिक त्रुटी देखिएमा सम्बन्धित स्थानीय तहको अनुरोधको आधारमा मन्त्रालयले आयोजनाको नाम वा प्राथमिकताक्रम फरक नपर्ने गरी त्रुटी सच्याउन सक्नेछ।

६. **आयोजना वा कार्यक्रम छनोट गरी सिफारिस गर्नेः** (१) विशेष अनुदानको लागि प्रस्ताव भएको आयोजना वा कार्यक्रम दफा ५ को उपदफा (३) बमोजिमको उपसमितिले देहायको आधारमा मूल्याङ्कन गरी दफा ५ को उपदफा (१) बमोजिमको समिति समक्ष प्रतिवेदन पेस गर्नु पर्नेछः-

(क) निर्धारित लागत अनुमान सीमा भित्र भएको,

(ख) आयोजना वा कार्यक्रमको आवश्यकता भएको,

(ग) प्रदेश सरकारको प्राथमिकतामा परेको क्षेत्रसँग सम्बन्धित भएको,

(घ) सामाजिक विकासका क्षेत्रसँग सम्बन्धित भएको,

(ङ) स्थानीय स्रोतसाधन र सीपको अधिकतम उपयोग हुने,

(च) प्रदेशको आवधिक योजनाले लिएको उद्देश्य तथा प्राथमिकतासँग मेल खाने र प्रदेश अन्तर्गतका स्थानीय तहहरू बीचको सन्तुलन कायम गर्न सहयोग पुग्ने।

(२) दफा ५ को उपदफा (३) बमोजिमको उपसमितिले दफा ४ बमोजिम आयोजना तथा कार्यक्रम प्रस्ताव गर्ने स्थानीय तहहरूमध्येबाट गत आर्थिक वर्षमा विशेष अनुदान नपाएका स्थानीय तहबाट रीतपूर्वक प्रस्ताव भई आएका आयोजना तथा कार्यक्रमलाई प्राथमिकता दिनुपर्नेछ।

(३) दफा ५ को उपदफा (३) बमोजिमको उपसमितिले आयोजना वा कार्यक्रम छनोटका लागि सिफारिस गर्दा उपदफा (१) मा उल्लेख

* पहिलो संशोधनद्वारा थप

गरिएको आधारको अतिरिक्त दफा ५ को उपदफा (६) बमोजिमको ढाँचामा आयोजना वा कार्यक्रमको प्राथमिकता निर्धारण गरी सोको प्रतिवेदन चैत्र मसान्तभित्र समिति समक्ष पेश गर्नु पर्नेछ।

(४) समितिले आयोजना वा कार्यक्रम छनोट गर्दा एकमुष्ट बजेट विनियोजन नहुने गरी आयोजना वा कार्यक्रमगत रूपमा बजेट प्रस्ताव गर्नु पर्नेछ।

(५) दफा ५ को उपदफा (२) बमोजिम प्रतिवेदन पेस गर्दा समितिले आगामी आर्थिक वर्षको लागि आयोजना वा कार्यक्रममा विशेष अनुदानको लागि निर्धारण गरिएको बार्षिक बजेट सीमाभित्र रही चालू आर्थिक वर्षको बैशाख मसान्तभित्र आर्थिक मामिला तथा योजना मन्त्री समक्ष प्रतिवेदन पेस गरिसक्नु पर्नेछ।

७. **बजेट सूचना प्रणालीमा प्रविष्टि गर्नु पर्नेः** (१) मन्त्रालयले दफा ६ को उपदफा (५) बमोजिम समितिबाट छनोट भएका आयोजना तथा कार्यक्रमहरू मन्त्रालयगत बजेट सूचना प्रणाली (पिएलएमबीआइएस) मा प्रविष्टि गर्नु पर्नेछ।

(२) प्रदेश सरकारबाट प्रदेश सभामा बजेट पेश भएपछि मन्त्रालयले विशेष अनुदानबाट कार्यान्वयन हुने आयोजना वा कार्यक्रमको विवरण आफ्नो वेबसाइटमार्फत् सार्वजनिक गर्नु पर्नेछ। सोको आधारमा सम्बन्धित स्थानीय तहले विशेष अनुदान वापतका आयोजना तथा कार्यक्रम स्थानीय तह सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) मा प्रविष्टी गर्नुपर्नेछ।

८. **प्रदेश सरकारले विशेष अनुदान प्रदान गर्नेः** (१) प्रदेश सरकारले मन्त्रालयबाट छनोट भएको आयोजना वा कार्यक्रम कार्यान्वयनको लागि त्यस्तो आयोजनाको कुल लागत, प्रकृति, कार्यान्वयन गर्नुपर्ने आवश्यकता, प्राथमिकता, कार्यान्वयनबाट हुन सक्ने उपलब्धि र दिगोपना समेतको आधारमा स्थानीय तहलाई विशेष अनुदान प्रदान गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको अनुदान प्रदान गर्दा प्रदेश सरकारको विशेष अनुदानको लागि विनियोजित बार्षिक बजेट सीमाभित्र रही प्रदान गर्नुपर्नेछ।

(३) विशेष अनुदानबाट कार्यान्वयन हुने आयोजना वा कार्यक्रमको लागि प्रदेश सरकारले अनुदान उपलब्ध गराउँदा सम्बन्धित स्थानीय तहबाट उक्त आयोजना वा कार्यक्रममा भएको कार्यप्रगतिको आधारमा त्रैमासिक रूपमा रकम उपलब्ध गराइनेछ।

(४) स्थानीय तहले विशेष अनुदानबाट कार्यान्वयन भइरहेको आयोजना वा कार्यक्रमको कार्यसम्पन्न प्रतिवेदन पेश गरेपछि मात्र त्यस्तो आयोजना वा कार्यक्रमको अन्तिम किस्ता बापतको रकम सम्बन्धित स्थानीय तहलाई उपलब्ध गराइनेछ।

९. **विशेष अनुदान प्रदान नगरिने:** यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले देहायका विषय वा प्रकृतिका आयोजना वा कार्यक्रमको लागि विशेष अनुदान प्रदान गर्ने छैनः...

(क) तलब भत्ता, मसलन्द लगायतका साधारण खर्च तथा ऋण भुक्तानी,

(ख) कुनै राजनीतिक वा धार्मिक समूह विशेषको हित वा स्वार्थ रहेको आयोजना वा कार्यक्रम,

(ग) वातावरणमा प्रतिकूल प्रभाव पर्ने प्रकृतिका आयोजना वा कार्यक्रम,

(घ) दफा ३ को उपदफा (२) मा उल्लिखित सीमाभन्दा घटी वा बढी लागत अनुमान भएको आयोजना वा कार्यक्रम।

१०. **मध्यमकालीन खर्च संरचनामा समावेश गर्नु पर्ने:** स्थानीय तहले विशेष अनुदानबाट कार्यान्वयन गर्ने आयोजना वा कार्यक्रमलाई अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम तयार गर्नु पर्ने मध्यमकालीन खर्च संरचनामा समावेश गर्नु पर्नेछ।

११. **अनुदान रकम खर्च गर्ने प्रक्रियाः** (१) स्थानीय तहले विशेष अनुदान रकम खर्च गर्दा जुन आयोजना वा कार्यक्रमको लागि अनुदान प्राप्त भएको हो सोही आयोजना वा कार्यक्रममा मात्र खर्च गर्नु पर्नेछ।

(२) विशेष अनुदान बापत प्राप्त रकम उपभोक्ता समिति मार्फत् खर्च गर्न पाइने छैन।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि पूर्वाधार निर्माण बाहेक प्रचलित सार्वजनिक खरिद कानून बमोजिमको सीमाभित्रको कार्यक्रमको हकमा उत्पादन तथा उत्पादकत्व वृद्धि, आयआर्जन तथा जीविकोपार्जन सुधार सम्बन्धी कार्यक्रम कार्यान्वयनको लागि प्रचलित खरिद कानूनको बजेट सीमाको परिधिभित्र रहने गरी कृषक समूह, महिला समूह जस्ता सामाजिक परिचालनको माध्यमबाट गठन भई स्थानीय तहमा सूचीकृत सामुदायिक संस्थालाई परिचालन गर्न सकिनेछ। सो प्रयोजनको लागि स्थानीय तहमा रहेका अगुवा कृषक, सामाजिक परिचालक वा उत्प्रेरकको समेत सहयोग लिन सकिनेछ।

(४) स्थानीय तहले प्राप्त गर्ने विशेष अनुदान बापतको रकम आफ्नो वार्षिक कार्यक्रममा समावेश गरी खर्च गर्नु पर्नेछ।

(५) प्रदेश लेखा नियन्त्रक कार्यालय तथा इकाई कार्यालयबाट विशेष अनुदान बापत पहिलो किस्ता निकासा माग गर्दा आयोजनाको खरिद योजना, खरिद सम्झौता र बाँकी किस्ताको हकमा सम्बन्धित आयोजना वा कार्यक्रमको कार्य प्रगति विवरण पेश गर्नु पर्नेछ।

(६) स्थानीय तहले विशेष अनुदान रकम खर्च गर्दा आन्तरिक नियन्त्रण प्रणाली अपनाई आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व र सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानूनको अधीनमा रही मितव्ययी र पारदर्शी किसिमले खर्चको प्रत्येक भुक्तानीमा तोकिएको अनुपातको पूर्ण पालना गरी विद्युतीय भुक्तानी प्रणालीमार्फत् भुक्तानी गर्नु पर्नेछ।

(७) विशेष अनुदानबाट भएको खर्चको प्रचलित कानून बमोजिम आन्तरिक र अन्तिम लेखापरीक्षण गराउने दायित्व आयोजना वा कार्यक्रम कार्यान्वयन गर्ने सम्बन्धित स्थानीय तहको हुनेछ।

*(८) यस कार्यविधि बमोजिम स्थानीय तहबाट कार्यान्वयन हुने गरी हस्तान्तरित आयोजना वा कार्यक्रम आफैले कार्यान्वयन नगरी अन्य निकाय वा संघसंस्थाबाट कार्यान्वयन गराउन वा पुनः अनुदान दिन वा लगानी गर्न पाइने छैन।

१२. **रकम प्रदेश सञ्चित कोषमा फिर्ता गर्नु पर्ने:** (१) विनियोजित बजेट रकम भन्दा कम रकममा आयोजना तथा कार्यक्रम कार्यान्वयन भएमा वा आयोजना कार्यान्वयन नै नभई बचत हुने रकम सम्बन्धित स्थानीय तहले अनुदान प्राप्त गरेको आर्थिक वर्षको विनियोजन ऐन बमोजिम प्रदेश सञ्चित कोषमा फिर्ता गर्नु पर्नेछ।

१३. **आयोजना वा कार्यक्रमको नाम हेरफेर गर्न वा रकम रकमान्तर गर्न नहुने:** विशेष अनुदान अन्तर्गत सञ्चालन हुने गरी छनोट भएको आयोजना वा कार्यक्रमको लागि बजेटमा विनियोजित रकम सो बाहेक अर्को आयोजनाको लागि स्थानान्तरण (ट्रान्सफर) गर्न, नाम, क्रियाकलाप, आयोजना स्थल परिवर्तन गर्न वा त्यस्तो आयोजना वा कार्यक्रमको लागि विनियोजित रकमबाट कुनै रकम अन्य कार्यक्रममा रकमान्तर गर्न पाइने छैन।

१४. **निर्देशन दिन सक्ने:** (१) विशेष अनुदानबाट सञ्चालन कुनै आयोजना वा कार्यक्रम त्यस्तो आयोजना वा कार्यक्रमको उद्देश्य अनुरूप सञ्चालन नभएमा, कायम गर्नुपर्ने गुणस्तर कायम गरेको नदेखिएमा, समयमा कार्य सम्पन्न नहुने अवस्था भएमा वा कुनै कारणले आयोजना वा कार्यक्रम कार्यान्वयनमा कुनै सुधार गर्नु पर्ने देखिएमा मन्त्रालयले स्थानीय तहको सम्बन्धित पक्षलाई आवश्यक निर्देशन दिन सक्नेछ।

---

* पहिलो संशोधनद्वारा थप

(२) कुनै पूर्वाधार निर्माण सम्बन्धी आयोजना वा कार्यक्रमको काम सम्पन्न भएको तर त्रुटि सच्याउने अवधि (डिफेक्ट लायबिलिटि पिरियड) वा निश्चित अवधि पूरा नहुँदै कामको गुणस्तरमा ह्रास आएको पाइएमा मन्त्रालयले विषयगत मन्त्रालयको समन्वय र सहकार्यमा छानबिन गरी स्थानीय तहको सम्बन्धित पक्षलाई आवश्यक मर्मत सम्भार वा सुधारको लागि निर्देशन दिन सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम दिएको निर्देशनको पालना गर्नु सम्बन्धित स्थानीय तहको कर्तव्य हुनेछ।

१५. **अनुगमन तथा प्रतिवेदनः** (१) विशेष अनुदानबाट कार्यान्वयन हुने आयोजना लक्षित प्रतिफल प्राप्त हुने गरी प्रभावकारी रूपमा कार्यान्वयन भए वा नभएको सम्बन्धमा सम्बन्धित स्थानीय तहले नियमित रूपमा अनुगमन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम स्थानीय तहले आयोजना वा कार्यक्रमको अनुगमन गरेपछि सोको प्रतिवेदन सम्बन्धित जिल्ला समन्वय समितिमा पेश गर्नु पर्नेछ।

(३) विशेष अनुदानबाट सञ्चालन हुने आयोजना लक्षित प्रतिफल प्राप्त हुने गरी प्रभावकारी रूपमा सञ्चालन भए वा नभएको सम्बन्धमा मन्त्रालय तथा सम्बन्धित जिल्लाको समन्वय समितिले अनुगमन गरी आवश्यक सुझाव दिन सक्नेछ। त्यसरी दिइएको सुझाव सहितको अनुगमन प्रतिवेदन मन्त्रालयमा पेश गर्नु पर्नेछ।

(४) स्थानीय तहले विशेष अनुदानबाट कार्यान्वयन गरिएको आयोजना वा कार्यक्रमको प्रगति प्रतिवेदन अनुसूची-६ बमोजिमको ढाँचामा तयार गरी मन्त्रालयले निर्धारण गरेको विद्युतीय प्रणालीमा त्रैमासिक रूपमा प्रविष्टि गर्नु पर्नेछ। त्यस्तो प्रतिवेदन प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित जिल्लाको प्रदेश लेखा इकाई कार्यालयमा समेत पठाउनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम विद्युतीय प्रणालीमार्फत् प्राप्त भएको प्रगतिको आधारमा मन्त्रालयले वार्षिक रूपमा एकीकृत प्रतिवेदन तयार गरी सार्वजनिक गर्नेछ।

(६) स्थानीय तहले सञ्चालन भइरहेको आयोजना वा कार्यक्रमको काम कारबाहीलाई स्वच्छ, पारदर्शी र वस्तुनिष्ठ बनाउन विवरण खुल्ने गरी आयोजना वा कार्यक्रम स्थलमा "आयोजना वा कार्यक्रम जानकारी सूचनापाटी" राख्नु पर्नेछ।

(७) स्थानीय तहले सञ्चालन गरेको आयोजना वा कार्यक्रमको सम्बन्धित विषय विज्ञ, लाभग्राही वर्ग र स्थानीय समुदाय वा सरोकारवाला र नागरिक समाजको सहभागितामा वर्षको कम्तीमा एक पटक सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(८) उपदफा (७) बमोजिम सार्वजनिक सुनुवाई गर्दा सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम १९ बमोजिमको कार्यविधि अवलम्बन गर्नु पर्नेछ।

**१६.** **<u>अनुदान रोक्का वा कट्टा गर्न सकिनेः</u>** (१) विशेष अनुदानबाट सञ्चालनमा रहेको आयोजना वा कार्यक्रमको लक्षित उद्देश्य अनुरूप कार्य प्रगति हुन नसकेमा, मन्त्रालयले दफा १५ बमोजिम दिएको निर्देशन पालना नगरेमा वा पेश गर्नु पर्ने प्रगति प्रतिवेदन पेश नगरेमा वा सम्पन्न भएको काम तोकिएको गुणस्तर अनुरूप भएको नपाइएमा वा तोकिएको समयभित्र काम सम्पन्न नगरेमा मन्त्रालयले विशेष अनुदान रकम सोही आर्थिक वर्ष वा आगामी आर्थिक वर्षहरूमा प्रदान गरिने विशेष अनुदान रकमबाट रोक्का राख्न वा कट्टा गर्न सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय तहले प्रगति प्रतिवेदन पेश गरेमा, तोकेको समयमा कार्य सम्पन्न गरेमा वा कामको गुणस्तरमा आवश्यक सुधार गरेमा त्यसरी रोक्का राखेको रकम मन्त्रालयले जुनसुकै बखत फुकुवा गर्न सक्नेछ।

१७. **<u>आयोजना वा कार्यक्रमको सञ्चालन गर्ने जिम्मेवारी:</u>** विशेष अनुदानबाट सम्पन्न भएको आयोजना वा कार्यक्रमको व्यवस्थापन तथा सञ्चालन गर्ने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुनेछ। त्यस्तो आयोजना वा कार्यक्रमको व्यवस्थापन तथा सञ्चालनको लागि प्रदेश सरकारले कुनै दायित्व वहन गर्ने छैन।

१८. **<u>अनुसूचीमा हेरफेर:</u>** मन्त्रालयले यस कार्यविधिको अनुसूचीमा आवश्यकता अनुसार हेरफेर गर्न सक्नेछ।

१९. **<u>खारेजी र बचाउ:</u>** (१) कर्णाली प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ खारेज गरिएको छ।

(२) कर्णाली प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ बमोजिम भए गरेका काम कारबाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

## अनुसूची-१

*(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)*

# विशेष अनुदान प्रस्ताव गर्न सकिने क्षेत्र तथा कार्यक्रम

(१) शैक्षिक विकासको लागि सेवाको गुणस्तर अभिवृद्धिः

(क) विद्यालयको फर्निचर, शैक्षिक सामग्री, कम्प्युटर, डिजिटल बोर्ड, प्रयोगशाला उपकरण, पुस्तकालय, शौचालय, खानेपानी, घेराबार पर्खाल जस्ता पूरक शैक्षिक पूर्वाधार।

(ख) दलित, अल्पसङ्ख्यक, लोपोन्मुख तथा पिछडिएको समुदाय लक्षित वर्गको लागि नेपाल सरकार तथा प्रदेश सरकारबाट प्रदान गरिने अन्य स्रोत वा निकायबाट नसमेटिएको अन्य शैक्षिक गुणस्तर सुधार सम्बन्धी कार्यक्रम।

(२) आधारभूत स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धिः

(क) आधारभूत स्वास्थ्य सेवाको गुणस्तर सुधारको लागि आवश्यक स्वास्थ्य उपकरण, प्रयोगशाला सामग्री, बर्थिङ्ग सेन्टरको लागि शैय्या तथा उपकरण, आदि।

(ख) मातृ तथा बालबालिकाको लागि पोषण सुधार।

(३) आधारभूत खानेपानी तथा सरसफाइ सुविधाबाट बञ्चित, दलित, लोपोन्मुख तथा आर्थिक, सामाजिक रूपले पिछडिएको समुदाय लक्षित गरी सञ्चालन गरिने खानेपानी तथा सरसफाइः

(क) आधारभूत खानेपानी आपूर्ति तथा सरसफाइ।

(ख) जल पुनर्भरण तथा स्रोत संरक्षण।

(४) आर्थिक, सामाजिक वा अन्य कुनै प्रकारले विभेदमा परेको वर्ग वा समुदाय वा क्षेत्रको उत्थान तथा विकासको लागि लक्षित गरी सञ्चालन गरिने उत्पादन र उत्पादकत्व वृद्धि एवम् आयआर्जन तथा जीविकोपार्जन सुधार,

(क) कृषक समूहका लागि यान्त्रिक सिँचाई, थोपा सिँचाई, प्लाष्टिक पोखरी, प्लाष्टिक टनेल, गोठ सुधार, व्यावसायिक पशुपन्छी पालन, नश्ल सुधार, रोग किरा नियन्त्रण, रैथाने बाली संरक्षण, बिउबिजन, फलफूलको बोटबिरुवा आदि।

(ख) कृषि उपकरण, कृषि उपज तथा अन्य स्थानीय उत्पादनको सङ्कलन तथा बिक्री केन्द्र स्थापना, बाली भण्डारण तथा क्षति नियन्त्रण, आदि।

(ग) विपन्न भूमिहीन वर्ग लक्षित वगर वा नदी उकास क्षेत्रमा गरिने व्यावसायिक कृषि।

(घ) सामूहिक रूपमा जग्गा भाडामा लिई गरिने व्यावसायिक कृषि, जडिबुटी खेती तथा गैरकाष्ठ वन पैदावार उत्पादन, आदि।

(ङ) उद्यमशीलता विकासको लागि सघाउ पुग्ने गरी उपकरण, प्रविधि र वित्तीय एवम् बजार पहुँच सहितको एकीकृत तालिम प्याकेज, आदि।

## अनुसूची-२

*(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)*

# विशेष अनुदानको लागि आयोजना वा कार्यक्रम पेश गर्ने प्रस्तावको ढाँचा

(१) अनुदान माग गर्ने स्थानीय तहको नामः

(२) ठेगानाः

(३) सम्पर्क फोन .................. फ्याक्स..................इमेलः..................

(४) आयोजना वा कार्यक्रमको संक्षिप्त विवरणः

| नाम र रहेको स्थान | लागत अनुमान रकम | लाभान्वित हुने समूह/जनसंख्या |
|---|---|---|
| ............ | ............ | ............ |

(७) आयोजना वा कार्यक्रममा निजीक्षेत्र, सहकारी तथा अन्य गैरसरकारी क्षेत्रको सहभागिता रहने भए सोको अनुपात वा हिस्सा रकमः

(८) प्रदेश सरकारले विशेष अनुदानमार्फत् व्यहोर्ने प्रस्तावित रकमः रु.......

(९) आयोजना वा कार्यक्रम कार्यान्वयन गर्नुपर्ने आवश्यकता र प्राथमिकताको पुष्ट्याँईः............

(१०) आयोजना वा कार्यक्रमबाट प्राप्त हुने मापनयोग्य प्रतिफल वा लाभ तथा दिगोपनाः............

(११) संलग्न आवश्यक कागजातहरूः

(क) आयोजना वा कार्यक्रमको लागत अनुमान र सोलाई पुष्टि गर्ने अन्य आवश्यक कागजात वा आयोजना सञ्चालनको प्रस्ताव (प्रपोजल)

(ख) प्रचलित कानून बमोजिम आयोजना वा कार्यक्रमको कार्यान्वयन गर्दा वातावरणीय प्रभाव अध्ययन आवश्यक पर्नेमा सोको स्वीकृत प्रतिवेदन,

(ग) आयोजना तथा कार्यक्रम प्रस्ताव गर्ने सम्बन्धमा सम्बन्धित कार्यपालिकाको प्राथमिकीकरण सहितको निर्णय र अनुसूची-४ बमोजिमको ढाँचामा शर्त पूरा भएको व्यहोराको प्रमाणीकरण,

प्रमुख प्रशासकीय अधिकृतको,

दस्तखतः

पदः

मितिः

## अनुसूची-३

*(दफा ४ को उपदफा (४) खण्ड (क) सँग सम्बन्धित)*

# विशेष अनुदानको लागि कार्यक्रम सञ्चालन प्रस्ताव (प्रपोजल) ढाँचा

१. कार्यक्रमको नामः

२. कार्यक्रमको पृष्ठभूमिः

३. कार्यक्रमको उद्देश्यः

४. कार्यक्रम कार्यान्वयन गर्नु पर्ने आवश्यकता र प्राथमिकताको तथ्यपरक पुष्ट्याईः

५. कार्यक्रममा हुने लगानी र सोबाट प्राप्त हुने मापनयोग्य प्रतिफल वा लाभ र लाभग्राहीको विस्तृत विवरणः

६. कार्यक्रमबाट प्राप्त हुने प्रतिफल वा लाभबाट दिगो विकास लक्ष्य र कर्णाली प्रदेशको चालु आवधिक योजनाले लिएको लक्ष्य हासिल गर्न पुऱ्याउने प्रत्यक्ष योगदान सम्बन्धी बुँदागत विवरणः

७. कार्यक्रममा सङ्घ, प्रदेश तथा स्थानीय तह र निजी क्षेत्र, सहकारी तथा अन्य गैरसरकारी क्षेत्रको सहभागिता रहने भए लगानीको अनुपात, साझेदारीको ढाँचा र दोहोरो नपर्ने आधारः

८. कार्यक्रमबाट वातावरणीय प्रभाव पर्ने भएमा सोको असर र न्यूनीकरणका उपायः

९. कार्यक्रम कार्यान्वयनको चुनौती र आइपर्नसक्ने जोखिम न्यूनीकरणका उपायः

१०. कार्यक्रम अनुगमन र मूल्याङ्कन व्यवस्थाः

११. कार्यक्रम दिगो रूपमा सञ्चालन गर्ने आधार वा व्यावसायिक योजनाः

| प्रमुख प्रशासकीय अधिकृतको,- | प्रमुख वा अध्यक्षको,- |
|---|---|
| नामः | नामः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |

*नोटः कार्यक्रम प्रस्तावको सुरु पृष्ठमा देहायका विवरण राख्ने:*

कार्यक्रम पेश गर्ने स्थानीय तहको नामः

ठेगानाः फोन/फयाक्स/इमेलः

कार्यक्रमको नामः

कुल लागत रुः प्रस्तावित लाभान्वित जनसङ्ख्याः

कार्यक्रमको विषयक्षेत्रः

कार्यक्रम कार्यान्वयनको लागि जिम्मेवार स्थानीय तहको शाखाः

## अनुसूची-४

*(दफा ४ को उपदफा (४) को खण्ड (घ) सँग सम्बन्धित)*

# विशेष अनुदानको लागि शर्त पूरा भएको प्रमाणित गर्ने फाराम

................... स्थानीय तहको नाम

................... ठेगाना

| **विशेष अनुदानमा कार्यान्वयन गरिने आयोजना वा कार्यक्रमको नाम र प्राथमिकताक्रम** | | |
|---|---|---|
| आयोजना वा कार्यक्रमको नाम | प्राथमिकताक्रम | कैफियत |
| १)................. | .................. | |
| २)................. | .................. | |
| ३).................. | .................. | |

१. आयोजना वा कार्यक्रमको कुल लागत निर्धारित सीमाभित्र रहेको,

२. आयोजना वा कार्यक्रम स्थानीय तहको आयोजना बैङ्क तथा मध्यमकालीन खर्च संरचनामा समावेश भएको,

३. आयोजना वा कार्यक्रमको लागत अनुमान र सोलाई पुष्टि गर्ने अन्य आवश्यक कागजात स्वीकृत भएको,

४. प्रचलित कानून बमोजिम आयोजना वा कार्यक्रमको कार्यान्वयन गर्दा वातावरणीय प्रभाव अध्ययन आवश्यक पर्नेमा सोको प्रतिवेदन स्वीकृत भएको,

५. आयोजना वा कार्यक्रमको कार्यान्वयन कार्ययोजना तयार भएको,

६. अन्य कुनै तह वा स्रोतबाट कार्यान्वयन गर्ने आयोजना वा कार्यक्रमसँग दोहोरो नपरेको,

७. अधिकतम तीन वटासम्म आयोजना वा कार्यक्रमहरू प्रस्ताव गरेको,

८. आयोजना वा कार्यक्रम प्रस्ताव गर्नको लागि आयोजना वा कार्यक्रमको प्राथमिकीकरण सहित कार्यपालिकाको निर्णय भएको,

९. आयोजना वा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन व्यवस्था सुनिश्चित भएको,

१०. आयोजना वा कार्यक्रम सम्पन्न भएपछि त्यसको दिगो रूपमा सञ्चालनको सुनिश्चितता भएको,

११. आयोजना वा कार्यक्रमको लागि आवश्यक पर्ने जग्गा प्राप्त भएको,

१२. आयोजना निर्माणस्थलको निर्माण स्थल तयारी (Site Clearance) भएको।

| प्रमुख प्रशासकीय अधिकृतः- | स्थानीय तह प्रमुख/अध्यक्षः- |
| --- | --- |
| नाम थरः | नाम थरः |
| पदः | पदः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |

प्रमाणित गरिए बमोजिम मन्त्रालयको विशेष अनुदान प्रणालीमा प्रविष्टि गर्ने कर्मचारीको,-

नाम थरः

पदः

दस्तखतः                                        कार्यालयको छापः

प्रविष्टि मितिः

## अनुसूची-५

*(दफा ५ को उपदफा (३) सँग सम्बन्धित)*

## आर्थिक-सामाजिक विकासमा बञ्चितीकरणको आधारमा स्थानीय तहको क्रमबद्धता

| क्रम सङ्ख्या | स्थानीय तह | बञ्चितीकरण सूचकाङ्क |
|---|---|---|
| १ | शे फोक्सुण्डो गाउँपालिका, डोल्पा | ०.९९८८ |
| २ | ताजाकोट गाउँपालिका, हुम्ला | ०.९९८३ |
| ३ | अदानचुली गाउँपालिका, हुम्ला | ०.९९८० |
| ४ | काइके गाउँपालिका, डोल्पा | ०.९९६७ |
| ५ | डोल्पो बुद्ध गाउँपालिका, डोल्पा | ०.९९६३ |
| ६ | सर्केगाड गाउँपालिका, हुम्ला | ०.९९६३ |
| ७ | खार्पुनाथ गाउँपालिका, हुम्ला | ०.९९४५ |
| ८ | छार्का ताङसोङ गाउँपालिका, डोल्पा | ०.९९३८ |
| ९ | नाम्खा गाउँपालिका, हुम्ला | ०.९९१७ |
| १० | सोरु गाउँपालिका, मुगु | ०.९८८० |
| ११ | जुनिचादे गाउँपालिका, जाजरकोट | ०.९८७७ |
| १२ | हिमा गाउँपालिका, जुम्ला | ०.९८५३ |
| १३ | कुसे गाउँपालिका, जाजरकोट | ०.९८२९ |
| १४ | ठाँटीकाध गाउँपालिका, दैलेख | ०.९७९१ |
| १५ | तिला गाउँपालिका, जुम्ला | ०.९७९० |
| १६ | चामुण्डा विन्द्रासैनी नगरपालिका, दैलेख | ०.९७७७ |
| १७ | पलता गाउँपालिका, कालिकोट | ०.९७४६ |
| १८ | खत्याड गाउँपालिका, मुगु | ०.९७४५ |
| १९ | मुगुम कार्मारोङ गाउँपालिका, मुगु | ०.९७०९ |
| २० | सिंजा गाउँपालिका, जुम्ला | ०.९७०७ |
| २१ | चंखेली गाउँपालिका, हुम्ला | ०.९६७३ |

| क्रम सङ्ख्या | स्थानीय तह | बञ्चितीकरण सूचकाङ्क |
|---|---|---|
| २२ | पातारासी गाउँपालिका, जुम्ला | ०.९६७१ |
| २३ | जगदुल्ला गाउँपालिका, डोल्पा | ०.९६३४ |
| २४ | नरहरीनाथ गाउँपालिका, कालिकोट | ०.९६१६ |
| २५ | छेडागाड नगरपालिका, जाजरकोट | ०.९६०७ |
| २६ | रास्कोट नगरपालिका, कालिकोट | ०.९६०२ |
| २७ | मुड्केचुला गाउँपालिका, डोल्पा | ०.९५८८ |
| २८ | महावै गाउँपालिका, कालिकोट | ०.९५७९ |
| २९ | भगवतिमाइ गाउँपालिका, दैलेख | ०.९५६३ |
| ३० | तिलागुफा नगरपालिका, कालिकोट | ०.९५०२ |
| ३१ | पचालझरना गाउँपालिका, कालिकोट | ०.९४९९ |
| ३२ | चौकुने गाउँपालिका, सुर्खेत | ०.९४९६ |
| ३३ | गुठीचौर गाउँपालिका, जुम्ला | ०.९४८१ |
| ३४ | दार्मा गाउँपालिका, सल्यान | ०.९४३२ |
| ३५ | शुभ कालीका गाउँपालिका, कालिकोट | ०.९४१७ |
| ३६ | त्रिपुरासुन्दरी नगरपालिका, डोल्पा | ०.९३९३ |
| ३७ | आठविस नगरपालिका, दैलेख | ०.९३९३ |
| ३८ | गुरास गाउँपालिका, दैलेख | ०.९३८८ |
| ३९ | सान्नी त्रिवेणी गाउँपालिका, कालिकोट | ०.९३७३ |
| ४० | तातोपानी गाउँपालिका, जुम्ला | ०.९३६४ |
| ४१ | दुल्लु नगरपालिका, दैलेख | ०.९३६१ |
| ४२ | बाँफिकोट गाउँपालिका, रूकुम पश्चिम | ०.९३३१ |
| ४३ | भैरवी गाउँपालिका, दैलेख | ०.९३०६ |
| ४४ | सानीभेरी गाउँपालिका, रुकुम पश्चिम | ०.९२८० |
| ४५ | नलगाड नगरपालिका, जाजरकोट | ०.९२२७ |
| ४६ | सिवालय गाउँपालिका, जाजरकोट | ०.९२२० |

| क्रम सङ्ख्या | स्थानीय तह | बञ्चितीकरण सूचकाङ्क |
|---|---|---|
| ४७ | नौमुले गाउँपालिका, दैलेख | ०.९२१९ |
| ४८ | बारेकोट गाउँपालिका, जाजरकोट | ०.९२०५ |
| ४९ | कनकासुन्दरी गाउँपालिका, जुम्ला | ०.९२०१ |
| ५० | चिङ्गाड गाउँपालिका, सुर्खेत | ०.९१९७ |
| ५१ | सिमकोट गाउँपालिका, हुम्ला | ०.९१७१ |
| ५२ | आठबिसकोट नगरपालिका, रुकुम पश्चिम | ०.९१६० |
| ५३ | कालीमाटी गाउँपालिका, सल्यान | ०.९१२५ |
| ५४ | कुमाख गाउँपालिका, सल्यान | ०.९०८१ |
| ५५ | महावु गाउँपालिका, दैलेख | ०.९०३९ |
| ५६ | चौरजहारी नगरपालिका, रुकुम पश्चिम | ०.८८५९ |
| ५७ | डुङ्गेश्वर गाउँपालिका, दैलेख | ०.८७८८ |
| ५८ | बागचौर नगरपालिका, सल्यान | ०.८७६१ |
| ५९ | छायानाथ रारा नगरपालिका, मुगु | ०.८७५४ |
| ६० | बराहताल गाउँपालिका, सुर्खेत | ०.८७०० |
| ६१ | सिम्ता गाउँपालिका, सुर्खेत | ०.८६६० |
| ६२ | बनगाड नगरपालिका, सल्यान | ०.८४७५ |
| ६३ | त्रिवेणी गाउँपालिका, रुकुम पश्चिम | ०.८४३४ |
| ६४ | सिद्ध कुमाख गाउँपालिका, सल्यान | ०.८४०५ |
| ६५ | ठुलिभेरी नगरपालिका, डोल्पा | ०.८३८४ |
| ६६ | कपुरकोट गाउँपालिका, सल्यान | ०.८२४१ |
| ६७ | खाडाचक्र नगरपालिका, कालिकोट | ०.८१४२ |
| ६८ | भेरी नगरपालिका, जाजरकोट | ०.८१३२ |
| ६९ | छत्रेश्वरी गाउँपालिका, सल्यान | ०.८१०६ |
| ७० | पञ्चपुरी नगरपालिका, सुर्खेत | ०.७९५० |
| ७१ | त्रिवेणी गाउँपालिका, सल्यान | ०.७३३४ |

| क्रम सङ्ख्या | स्थानीय तह | बञ्चितीकरण सूचकाङ्क |
|---|---|---|
| ७२ | लेकवेशी नगरपालिका, सुर्खेत | ०.७२९४ |
| ७३ | मुसिकोट नगरपालिका, रुकुम पश्चिम | ०.६८१६ |
| ७४ | चन्दननाथ नगरपालिका, जुम्ला | ०.६६११ |
| ७५ | सारदा नगरपालिका, सल्यान | ०.६५५० |
| ७६ | नारायण नगरपालिका, दैलेख | ०.६३८२ |
| ७७ | भेरिगङ्गा नगरपालिका, सुर्खेत | ०.६०८८ |
| ७८ | गुर्भाकोट नगरपालिका, सुर्खेत | ०.५८४२ |
| ७९ | बीरेन्द्रनगर नगरपालिका, सुर्खेत | ०.१८३१ |

**द्रष्टव्यः-**

नेपाल सरकारबाट जारी भएको विशेष अनुदान सम्बन्धी कार्यविधि, २०८१ को अनुसूची-५ मा गरिएको आर्थिक सामाजिक विकासमा बञ्चितीकरणको आधारमा स्थानीय तहको क्रमबद्धतालाई आधार लिइएको।

## अनुसूची-६

*(दफा १५ को उपदफा (४) सँग सम्बन्धित)*

## प्रगति प्रतिवेदनको ढाँचा

आयोजना वा कार्यक्रम कार्यान्वयन गर्ने स्थानीय तहको नामः ठेगानाः

सम्पर्क फोन नः इमेलः

जिम्मेवार पदाधिकारीको नाम र सम्पर्क नं.

| क्र. सं. | आयोजना वा कार्यक्रमको नाम | आयोजना वा कार्यक्रम सञ्चालन भएको स्थान (गाउँ/नगरपालिका, वडा नम्बर) | कुल लागत (लागत अनुमान बमोजिमको) | सम्झौता भएको रकम | चालू आ.व.मा कुल विनियोजन | ......अवधिको लक्ष्य | | ....अवधिको प्रगति | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | भौतिक | वित्तीय | भौतिक | वित्तीय | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

तयार गर्नेः प्रमाणित गर्नेः

आज्ञाले

रविलाल शर्मा

प्रदेश सरकारको सचिव

# कर्णाली प्रदेश ससर्त अनुदान सम्बन्धी कार्यविधि, २०८२

**प्रस्तावनाः** प्रदेशको अधिकार सूची भित्रका विषयमा स्थानीय तहमार्फत आयोजना कार्यान्वयन गरी सन्तुलित विकास, प्रादेशिक मानक स्थापित गरी यस सम्बन्धमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले निर्धारण गरेका आधार तथा मापदण्ड समेतलाई आधार मानी ससर्त अनुदानबाट सञ्चालन गरिने आयोजना छनोट प्रक्रियालाई सहभागितामुलक, पारदर्शी, वस्तुनिष्ठ तथा व्यवस्थित बनाई कार्यान्वयनमा प्रभावकारीता ल्याउन वाञ्छनीय भएकोले,

कर्णाली प्रदेश वित्तीय हस्तान्तरण (व्यवस्थापन) ऐन, २०७५ को दफा ९ ले दिएको अधिकार प्रयोग गरी कर्णाली प्रदेश सरकारले देहायको कार्यविधि बनाएको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस कार्यविधिको नाम "कर्णाली प्रदेश ससर्त अनुदान सम्बन्धी कार्यविधि, २०८२" रहेकोछ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>परिभाषा</u>**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

♣(क) "आयोजना वा कार्यक्रम" भन्नाले कर्णाली प्रदेश सरकारका स्थानीय तह मार्फत कार्यान्वयन हुने गरी हस्तान्तरण गरिएका प्रदेश ससर्त अनुदान अन्तर्गतका आयोजना वा कार्यक्रमलाई सम्झनु पर्छ।

(ख) "प्रदेश" भन्नाले कर्णाली प्रदेश सम्झनु पर्छ।

(ग) "मन्त्रालय" भन्नाले आर्थिक मामिला तथा योजना मन्त्रालय सम्झनु पर्छ।

(घ) "लाभग्राही" भन्नाले आयोजना वा कार्यक्रमबाट प्रत्येक्ष लाभान्वित हुने स्थानीय बासिन्दाको समूह वा समुदाय सम्झनु पर्छ।

(ङ) "विषयगत मन्त्रालय" भन्नाले स्थानीय तहबाट कार्यान्वयन हुने गरी ससर्त अनुदानबाट सञ्चालन हुने

---

♣ पहिलो संशोधनद्वारा संशोधित

आयोजना हस्तान्तरण गर्ने प्रदेश सरकारका मन्त्रालय सम्झनु पर्छ।

(च) "विद्युतीय प्रणाली" भन्नाले स्थानीय तहबाट कार्यान्वयन हुने गरी ससर्त अनुदानबाट सञ्चालन हुने आयोजना व्यवस्थापनका लागि मन्त्रालयबाट सञ्चालित अनलाइन प्रणालीलाई सम्झनु पर्छ।

(छ) "स्थानीय तह" भन्नाले कर्णाली प्रदेशभित्रका स्थानीय तह सम्झनु पर्छ।

(ज) "ससर्त अनुदान" भन्नाले कर्णाली प्रदेश वित्तीय हस्तान्तरण व्यवस्थापन ऐन, २०७५ को दफा ५ बमोजिमको अनुदान सम्झनु पर्छ।

❋(झ) "सार्वजनिक संस्था" भन्नाले यस कार्यविधि बमोजिम ससर्त अनुदान प्राप्त गर्ने सामुदायिक विद्यालय, कलेज, विश्वविद्यालय तथा सार्वजनिक सेवा प्रवाहसँग सम्बन्धित संघसंस्था सम्झनुपर्छ।

३. **<u>ससर्त अनुदान प्रदान गरिने आधार:</u>** (१) संविधानको धारा २५१ बमोजिम राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले तय गरेको आधारलाई समेट्ने गरी देहायका मध्ये कुनै एक वा सो भन्दा बढी आधार बमोजिम प्रदेश सरकारले स्थानीय तहबाट कार्यान्वयन हुने आयोजनालाई ससर्त अनुदान प्रदान गर्न सकिनेछ।

(क) प्रदेश सरकारको अधिकारको सूचीभित्रका कुनै विषयका आयोजना स्थानीय सरकारबाट कार्यान्वयन गर्नुपर्ने अवस्था,

(ख) प्रादेशिक नीति तथा कार्यक्रमलाई स्थानीय सरकार मार्फत कार्यान्वयन गर्नुपर्ने अवस्था,

(ग) प्रदेश सरकारको आवधिक योजनाले लिएको लक्ष्य तथा उद्देश्य हासिल गर्न सहयोग पुऱ्याउने,

---

❋ पहिलो संशोधनद्वारा थप

(घ) स्थानीय सरकारमा प्रादेशिक मानक स्थापना र कार्यान्वयन गर्नुपर्ने अवस्था,

(ङ) मानव विकास सूचकांकको अवस्था,

(च) आर्थिक सामाजिक असमानताको अवस्था,

(छ) पूर्वाधार विकासको अवस्था,

(ज) सडक घनत्व (सडक पहुँच)को अवस्था,

(झ) विद्युतमा पहुँचको अवस्था,

(ञ) सूचना प्रविधिमा पहुँचको अवस्था,

(ट) खानेपानी तथा सरसफाई सुविधाको अवस्था,

(ठ) खर्चको आवश्यकता तथा राजस्व उठाउन सक्ने क्षमता र तत्परता,

(ड) कार्यसम्पादन मूल्याङ्कनको अवस्था,

(ढ) राजस्व सङ्कलन र प्रदेश सरकारलाई प्राप्त राजस्वको अवस्था,

(ण) विशेष अवस्था (प्रकोप, महामारी जस्ता विपद्जन्य अवस्था)

(त) वित्तीय अनुशासन र पुँजीगत खर्च गर्न सक्ने क्षमता,

(२) उपदफा (१) बमोजिमको आधारका अतिरिक्त राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट सो आर्थिक वर्षका लागि प्रदान गरिएको आधार तथा मापदण्डको समेत पालना गर्नुपर्नेछ।

४. **<u>ससर्त अनुदान प्रदान गरिने क्षेत्रः</u>** प्रदेश सरकारले देहायका कुनै क्षेत्रका आयोजनाको लागि स्थानीय तहलाई ससर्त अनुदान प्रदान गर्न सक्नेछः

(क) सडक तथा पूर्वाधार विकासका लागि सञ्चालन गरिने आयोजना,

(ख) शैक्षिक विकासको लागि सञ्चालन गरिने शैक्षिक आयोजना,

(ग) आधारभूत स्वास्थ्य सेवालाई प्रवर्द्धन गर्ने आयोजना,

(घ) प्रदेशको सन्तुलित विकासका लागि योगदान पुऱ्याउने प्रकृतिका आयोजना,

(ङ) आर्थिक, सामाजिक वा अन्य कुनै प्रकारको विभेद न्यूनीकरण गर्नको लागि सञ्चालन हुने आयोजना वा कार्यक्रम,

(च) रोजगारी सृजना हुने प्रकृतिका आयोजना,

(छ) खानेपानी तथा सिँचाई प्रयोजनको लागि लिफ्ट इरिगेशन, सौर्य उर्जा, कृषि विद्युतीकरण सम्बन्धी आयोजना,

(ज) सिर्जनशीलता, उद्यमशीलता तथा नवप्रवर्तनलाई प्रोत्साहन गर्ने आयोजना,

(झ) वातावरण संरक्षण र फोहोरमैला व्यवस्थापनसँग सम्बन्धित आयोजना,

(ञ) प्रदेश सरकारले आवश्यक ठानेका अन्य आयोजना तथा कार्यक्रम।

**५.** **<u>ससर्त अनुदान प्रदान नहुने क्षेत्रः</u>** (१) दफा ३ मा जुनसुकै कुरा लेखेको भएतापनि देहायका प्रकृतिका आयोजनाका लागि ससर्त अनुदान उपलब्ध गराईने छैनः

(क) स्थानीय सरकारले सालवसाली रूपमा खर्च गर्नुपर्ने तलब, भत्ता, मसलन्द, परामर्श सेवा लगायतका प्रशासनिक खर्च तथा ऋण भूक्तानीका आयोजना,

(ख) विभेदमा परेका वर्ग, क्षेत्र तथा समुदाय बाहेक सीमित वर्ग, राजनितिक दल, व्यक्तिगत तथा पारिवारिक रूपमा मात्र फाइदा पुग्ने प्रकृतिका आयोजना,

(ग) राष्ट्रिय एकता, धार्मिक, साँस्कृतिक तथा सामाजिक सद्भावमा खलल पुग्ने प्रकृतिका आयोजना,

(घ) घाटा बजेट पूर्ति गर्ने स्रोतको रूपमा उपयोग गर्ने,

(ङ) वातावरणमा प्रतिकूल प्रभाव पार्ने आयोजना वा कार्यक्रमहरू,

(च) अन्य अनुदान तथा स्रोतवाट संचालनमा रहेका आयोजनामा दोहोरो पर्ने खालका आयोजना वा कार्यक्रमहरू,

(छ) बहुवर्षीय प्रकृतिका आयोजनाहरू।

६. **<u>ससर्त अनुदान रकमको सीमा:</u>** ♣(१) दफा ४ मा उल्लिखित क्षेत्र अन्तर्गत स्थानीय तहबाट कार्यान्वयन हुने गरी ससर्त अनुदानबाट सञ्चालन गरिने आयोजना वा कार्यक्रमको लागत सीमा रु. दश लाख देखि रु. पचास लाखसम्मको हुनेछ।

(२) विषयगत मन्त्रालयले आफ्नो बार्षिक बजेटको सीमाबाट उपदफा (१) मा उल्लिखित सीमा भन्दा कम लागतका आयोजना समेत स्थानीय तहबाट नै कार्यान्वयन गर्न उपयुक्त देखिएमा त्यस्ता आयोजना सञ्चालन गर्न सम्बन्धित स्थानीय तहमा हस्तान्तरण गर्न सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम हस्तान्तरण गरिने आयोजना बार्षिक बजेट तर्जुमाको क्रममा प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) मा प्रविष्टि गर्नु पर्नेछ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकार, प्रदेश सरकार, विकास साझेदार संस्था र स्थानीय तह वा प्रदेश सरकार, विकास साझेदार संस्था र स्थानीय तहको लागत साझेदारीमा निर्माण हुने आयोजनाको हकमा अनुदान रकमको सीमा सम्झौतामा उल्लेख भएबमोजिम हुनेछ।

(५) उपदफा (४) बमोजिम विषयगत मन्त्रालयबाट लागत साझेदारी गरी निर्माण गरिने आयोजनाको समझदारीपत्र स्वीकृत गर्नु अघि मन्त्रालयको सहमति लिनु पर्नेछ।

---

♣ पहिलो संशोधनद्वारा संशोधित

७. **आयोजना प्रस्तावः** ♣(१) हरेक वर्ष वैशाख पहिलो हप्ताभित्र मन्त्रालयले कर्णाली प्रदेश अन्तर्गतका स्थानीय तहबाट ससर्त अनुदान मार्फत कार्यान्वयन हुने आयोजना वा कार्यक्रम प्रस्तावको लागि आवश्यक विवरण खुलाई १५ दिनको सुचना प्रकाशन गर्नेछ।

♣(२) सार्वजनिक संस्था वा लाभग्राहीले सार्वजनिक हित र सरोकारको विषयमा ससर्त अनुदानबाट कुनै आयोजना सञ्चालन गर्न आवश्यक ठानेमा सम्बन्धित स्थानीय तहको सिफारिस सहित अनुसूची-१ बमोजिमको ढाँचामा आयोजना प्रस्ताव गर्नुपर्नेछ।

♣(३) कर्णाली प्रदेश सभा सदस्यले आफ्नो निर्वाचन क्षेत्रभित्र कुनै आयोजना ससर्त अनुदानबाट स्थानीय तहमार्फत कार्यान्वयन गर्न आवश्यक ठानेमा अनुसूची-२ बमोजिमको ढाँचामा आयोजना प्रस्ताव गर्न सक्नेछ।

♣(४) स्थानीय तहले आफ्नो क्षेत्रमा प्रदेश ससर्त अनुदानबाट आयोजना वा कार्यक्रम सञ्चालन गर्न आवश्यक ठानेमा क्रमशः अनुसूची-१ र अनुसूची-३ बमोजिमको ढाँचामा प्रस्ताव पेस गर्नुपर्नेछ।

♣(५) उपदफा (१) बमोजिमको अवधिभित्र प्रक्रिया पुर्‍याइ उपदफा (२), (३) र (४) बमोजिमका प्रस्तावकले दफा ६ को उपदफा (१) को सीमाभित्र रही देहाय बमोजिम आयोजना वा कार्यक्रम प्रस्ताव गर्न सक्नेछ।

(क) उपदफा (२) बमोजिमका प्रस्तावकले अधिकतम कुल रु. पचास लाखको सीमाभित्र रही बढीमा दुई वटा आयोजना प्रस्ताव गर्न सक्नेछ।

(ख) उपदफा (३) बमोजिमका प्रस्तावकले अधिकतम कुल रु. दुई करोड सीमाभित्र रही आयोजना प्रस्ताव गर्न सक्नेछ।

(ग) उपदफा (४) बमोजिमका प्रस्तावकले अधिकतम कुल रु. एक करोड सीमाभित्र रही बढिमा पाँच वटा आयोजना प्रस्ताव गर्न सक्नेछ।

---

♣ पहिलो संशोधनद्वारा संशोधित

(६) यस दफा बमोजिम आयोजना प्रस्ताव गर्दा यो कार्यविधि लागु हुन पूर्व प्रदेश सरकारको ससर्त अनुदान मार्फत कार्यान्वयन भएका आयोजनामध्ये निर्माण सम्पन्न हुन नसकी अधुरा आयोजनालाई प्राथमिकता साथ पेस गर्न सकिनेछ।

(७) उपदफा (५) र (६) बमोजिम आयोजना वा कार्यक्रम प्रस्ताव दफा ६ को सीमाभित्र रही मन्त्रालयले तोकको विद्युतीय प्रणाली वा आधिकारीक इमेल मार्फत आयोजना पेस गर्नु पर्नेछ।

*(८) यस कार्यविधि अनुसार स्थानीय तहले अन्य निकाय वा संघसंस्थाबाट कार्यान्वयन गर्ने वा पुनः अनुदान दिने वा लगानी गर्ने गरी आयोजना वा कार्यक्रम प्रस्ताव गर्न पाइने छैन।

८. **आयोजना छनोट समितिः** (१) ससर्त अनुदान अन्तर्गत दफा ७ बमोजिम प्रस्ताव भएका आयोजना छनोट तथा बजेट विनियोजनको लागि मन्त्रालयमा देहाय बमोजिमको एक समिति रहनेछः–

(क) मन्त्री, मन्त्रालय, - संयोजक

(ख) प्रदेश सचिव, मन्त्रालय, - सदस्य

(ग) प्रदेश सचिव, विषयगत मन्त्रालय - सदस्य

(घ) महाशाखा प्रमुख, बजेट तथा कार्यक्रम, मन्त्रालय -सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको समितिको नीतिगत मार्गदर्शन तथा मापदण्ड अन्तर्गत रही समितिको प्रशासनिक तथा प्राविधिक कार्यसम्पादनमा सहयोग गरी आयोजनाहरूको एकीकृत सूची अनुसूची-४ बमोजिम तयार गर्न र सम्भाव्य आयोजनाको प्रारम्भिक मूल्याङ्कन गरी सिफारिस गर्न देहायबमोजिमको एक उपसमिति रहनेछः-

(क) प्रमुख, बजेट तथा कार्यक्रम महाशाखा, मन्त्रालय - संयोजक

(ख) प्रमुख, बजेट तथा कार्यक्रम शाखा, मन्त्रालय - सदस्य

(ग) अधिकृत प्रतिनिधि, कर्णाली प्रदेश योजना आयोग - सदस्य

---

* पहिलो संशोधनद्वारा थप

(घ) अधिकृत प्रतिनिधि, विषयगत मन्त्रालय, - सदस्य

(ङ) कम्प्यूटर अधिकृत, बजेट तथा कार्यक्रम शाखा, मन्त्रालय -सदस्य-सचिव

(३) उपदफा (१) र (२) बमोजिमको समितिको बैठक सञ्चालन सम्बन्धी विधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ। प्रस्तावित आयोजना तथा कार्यक्रमको संख्या, कार्यचाप तथा कार्यवोझका आधारमा समितिको बैठकमा आवश्यकता अनुसार अन्य कर्मचारीलाई आमन्त्रण गरी कार्य सम्पादन गर्न सकिनेछ।

(४) उपदफा (२) बमोजिमको उपसमितिले उपदफा (१) बमोजिमको समितिलाई पेस गरेका आयोजनामध्ये ससर्त अनुदानको बजेट सीमा र प्रदेश सरकारको आवश्यकता अनुरूप सबै स्थानीय तह समावेश हुने गरी आयोजना छनोट गर्नु पर्नेछ।

(५) उपदफा (१) बमोजिमको समितिले छनोट गरेका भन्दा बाहेकका आयोजनामा मन्त्रालयबाट ससर्त अनुदान प्रदान गरिने छैन।

९. <u>**बजेट सीमा उपलब्ध गराउने:**</u> (१) यस कार्यविधि बमोजिम विभिन्न आयोजनाको लागि स्थानीय तहलाई ससर्त अनुदान प्रदान गर्न मन्त्रालयले आवश्यकतानुसार विषयगत मन्त्रालयलाई समेत ससर्त अनुदानको बजेट सीमा र मार्गदर्शन उपलब्ध गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम ससर्त अनुदान प्रदान गर्न मन्त्रालयबाट प्राप्त ससर्त अनुदानको बजेट सीमा भन्दा बढीको आयोजना तथा कार्यक्रम छनोट गर्नुपर्ने भएमा विषयगत मन्त्रालयले आफूलाई प्राप्त मन्त्रालयगत बजेट सीमाभित्रबाट थप ससर्त अनुदान प्रस्ताव गर्न सक्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिम विषयगत मन्त्रालयलाई सीमा तथा मार्गदर्शन प्राप्त नभएतापनि विषयगत मन्त्रालयले आफूलाई प्राप्त मन्त्रालयगत बजेट

सीमाभित्रबाट स्थानीय तहलाई यस कार्यविधि बमोजिम हुने गरी ससर्त अनुदान हस्तान्तरण गर्न बाधा पर्ने छैन।

१०. **अनुदान रकम खर्च गर्ने विधि र प्रक्रिया** : (१) स्थानीय तहले ससर्त अनुदान बापत प्राप्त रकम खर्च गर्दा देहायको प्रक्रिया अपनाउनु पर्नेछ :-

(क) स्थानीय तहले ससर्त अनुदानको माध्यमबाट कार्यान्वयन गर्ने आयोजनालाई वार्षिक बजेटमा समावेश गर्नु पर्नेछ,

(ख) ससर्त अनुदान रकम जुन आयोजनाको लागि प्रदान भएको हो सोही आयोजनामा मात्र खर्च गर्नु पर्नेछ,

(ग) ससर्त अनुदान बापत प्राप्त रकम खर्च गर्दा प्रचलित खरिद कानून बमोजिम मितव्ययी र पारदर्शी किसिमले खर्च गर्नु पर्नेछ,

(घ) ससर्त अनुदानबाट प्राप्त रकमको समयमै प्रचलित कानून अनुसार आन्तरिक र अन्तिम लेखा परिक्षण गराउनु पर्नेछ,

(ङ) आयोजना सञ्चालन गर्दा कामको गुणस्तरमा विशेष ध्यान पुऱ्याउनु पर्नेछ,

(च) आयोजनामा लाभान्वित वर्ग र समुदायबाट समेत निगरानी गर्ने प्रणालीको विकास गर्नु पर्नेछ।

(छ) ससर्त अनुदान मार्फत सञ्चालित हुने आयोजना अन्य स्रोत वा निकायबाट दोहोरो नपरेको एकिन गरेर मात्र कार्यान्वयनमा लैजानु पर्नेछ।

(२) चालु आर्थिक वर्षमा सञ्चालनमा रहेका आयोजना तथा कार्यक्रमको अनुदान बापतको रकम आर्थिक वर्षको अन्त्यसम्म खर्च हुन नसकेमा वा आयोजना तथा कार्यक्रम सम्पन्न भई रकम बचत भएमा स्थानीय तहले सो रकम प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालय मार्फत प्रदेश सञ्चित कोषमा फिर्ता दाखिला गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम आयोजनामा विनियोजित रकम मध्ये खर्च हुन नसकी बाँकी रहेको रकमको विवरण प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयले विषयगत मन्त्रालयमा पठाउनु पर्नेछ र सोको विवरण विषयगत मन्त्रालयले सात दिन भित्र मन्त्रालयमा पठाउनुपर्नेछ।

(४) उपदफा (२) र (३) बमोजिम अनुदानको रकम फिर्ता दाखिला नभएमा प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाई कार्यालयले त्यस्तो रकम अर्को वर्ष हस्तान्तरण गर्ने वित्तीय समानीकरण अनुदानबाट कट्टा गरी समायोजन गर्नेछ।

❋(५) यस कार्यविधि बमोजिम स्थानीय तहबाट कार्यान्वयन हुने गरी हस्तान्तरित आयोजना वा कार्यक्रम आफैले कार्यान्वयन नगरी अन्य निकाय वा संघसंस्थाबाट कार्यान्वयन गराउन वा पुनः अनुदान दिन वा लगानी गर्न पाइने छैन।

११. **कार्यक्रम संशोधनः** (१) प्रदेश सरकारबाट हस्तान्तरित ससर्त अनुदान अन्तर्गतका आयोजनाको सामान्य भाषिक त्रुटी संशोधन गर्नुपर्ने भएमा आयोजनाको विषयगत क्षेत्र तथा स्वीकृत बजेट रकममा फरक नपर्ने गरी सम्बन्धित स्थानीय तहको आयोजना संशोधन गर्नुपर्ने पुष्टयाँई सहितको कार्यपालिकाको निर्णयका आधारमा विनियोजन ऐनमा तोकिएको समयावधिभित्र पेस भएमा मन्त्रालयले आयोजना संशोधन गर्न सक्नेछ।

(२) विषयगत मन्त्रालयबाट ससर्त अनुदानको रूपमा हस्तान्तरण गरिएका आयोजना संशोधन गर्नुपर्ने भएमा उपदफा (१) मा उल्लिखित कागजातको अतिरिक्त विषयगत मन्त्रालयको निर्णय समेतका आधारमा मन्त्रालयले संसोधन गर्न सक्नेछ।

❋ पहिलो संशोधनद्वारा थप

**१२. <u>अनुगमन सम्बन्धी व्यवस्थाः</u>** (१) स्थानीय तहले सञ्चालन गरेका आयोजनाको कार्यान्वयनलाई प्रभावकारी बनाउन विषयगत मन्त्रालयमा देहाय बमोजिमको अनुगमन तथा मूल्याङ्कन समिति रहनेछः-

(क) मन्त्री, - संयोजक

(ख) प्रदेश सचिव, - सदस्य

(ग) योजना तथा अनुगमन महाशाखा प्रमुख - सदस्य

(घ) सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ङ) योजना शाखा प्रमुख, विषयगत मन्त्रालय - सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको समितिले आफै वा समितिका कुनै पदाधिकारी वा समितिले तोकेको कुनै अधिकृत कर्मचारी मार्फत अनुगमन गर्न गराउन सक्नेछ।

(३) ससर्त अनुदानका आयोजना लक्षित उद्देश्य र प्रतिफल प्राप्त हुने गरी प्रभावकारी रूपमा कार्यान्वयन भए नभएको सम्बन्धमा स्थानीय तहले नियमित रूपमा अनुगमन गरी सोको प्रतिवेदन विषयगत मन्त्रालयमा पेस गर्नु पर्नेछ।

**१३. <u>बजेट विनियोजन तथा निकासाः</u>** (१) यस कार्यविधि अनुसार आर्थिक वर्षको बीचमा नयाँ आयोजना कार्यान्वयन गर्न र चालु आयोजनामा रकम थप गरिने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेशको विनियोजन ऐनमा भएको व्यवस्था बमोजिम प्रदेश सरकार, मन्त्रिपरिषद्को निर्णयबाट विपद्जन्य अवस्था, महामारी वा आकस्मिक परिस्थितिको रोकथाम, नियन्त्रण तथा प्रतिकार्य र पुनर्स्थापना गर्नुपर्ने अवस्था तथा अन्य कुनै विशेष परिस्थितिमा ससर्त अनुदान प्रदान गर्न सकिनेछ।

**१४. <u>अनुसूचीमा हेरफेर वा थपघटः</u>** कार्यविधि कार्यान्वयनको क्रममा मन्त्रालयले आवश्यकता अनुसार निर्णय गरी अनुसूचीमा आवश्यक हेरफेर वा थपघट गर्न सक्नेछ।

१५. **<u>आवश्यक व्यवस्था मिलाउन सक्ने:</u>** यस कार्यविधिको कार्यान्वयनमा कुनै जटिलता वा कठिनाई उत्पन्न भएमा मन्त्रालयले आवश्यक निर्णय गरी उपयुक्त व्यवस्था मिलाउन सक्नेछ।

१६. **<u>यस कार्यविधि बमोजिम भएको मानिने:</u>** कर्णाली प्रदेश सरकारबाट विगत आर्थिक वर्षमा स्थानीय तहलाई हस्तान्तरण भएका आयोजना तथा कार्यक्रम यसै कार्यविधि बमोजिम भएको मानिनेछ।

## अनुसूची-१

*(दफा ७ को उपदफा (२) सँग सम्बन्धित)*

# ससर्त अनुदानको लागि आयोजना पेश गर्ने प्रस्तावको ढाँचा

(१) अनुदान माग गर्ने स्थानीय तह/सार्वजनिक संस्था/लाभग्राहीको नामः

(२) ठेगानाः

(३) सम्पर्क फोन .................. फ्याक्स..................इमेलः..................

(४) आयोजनाको संक्षिप्त विवरणः

| क्र. सं. | आयोजनाको नाम र स्थान | ससर्त अनुदानको आधार दफा ३ को बुँदा | प्राथमिकता क्रम | लागत अनुमान रकम रु. | लाभान्वित हुने समूह/जनसंख्या | निर्माण स्थल तयारी (Site Clearance भएको/नभएको) | जग्गा आवश्यक पर्नेमा जग्गा प्राप्तिको अवस्था (भए/नभएको) | आयोजना दोहोरो परे/नपरेको |
|---|---|---|---|---|---|---|---|---|
| १ | ............ | ............... | .............. | ............. | ................... | ............... | .............. | ........... |
| २ | ................ | ........... | ............. | ............ | ............ | ............. | ............. | ............ |
| ३ | ................ | .............. | ................ | ................ | ................ | ............... | .............. | ........... |

(५) संलग्न आवश्यक कागजातः

(क) आयोजना वा कार्यक्रमको लागत खुलाई बजेट माग गरिएको स्थानीय तहको पत्र,

आयोजना प्रस्तावकको नामः

आधिकारिक दस्तखतः

मितिः

## अनुसूची-२

*(दफा ७ को उपदफा (३) सँग सम्बन्धित)*

# ससर्त अनुदानको लागि आयोजना पेश गर्ने प्रस्तावको ढाँचा

(१) अनुदान माग गर्ने प्रदेश सभा सदस्यको नाम, थरः मा. ................................

(२) ठेगानाः क) जिल्ला...................... ख) निर्वाचन क्षेत्र................

(३) सम्पर्क फोन .................. फ्याक्स..................इमेलः..................

(४) आयोजनाको संक्षिप्त विवरणः

| क्र. सं. | आयोजनाको नाम र स्थान | ससर्त अनुदानको आधार दफा .......... | प्राथमिकता क्रम | लागत अनुमान रकम रू. | लाभान्वित हुने समूह/जनसंख्या | निर्माण स्थल तयारी (Site Clearance भएको/नभएको) | जग्गा आवश्यक पर्नेमा जग्गा प्राप्तिको अवस्था (भए/नभएको) | आयोजना दोहोरो परे/नपरेको |
|---|---|---|---|---|---|---|---|---|
| १ | ............ | ............... | .............. | ............. | ................... | ............... | .............. | ........... |
| २ | ................ | ........... | ............. | ............ | ............ | ............. | ............. | ............ |
| ३ | ................ | .............. | ................ | ................ | ................ | ............... | .............. | ........... |

प्रदेश सभा सदस्यको नामः

दस्तखतः

मितिः

## अनुसूची-३

*(दफा ७ को उपदफा (४) सँग सम्बन्धित)*

# ससर्त अनुदानको लागि कार्यक्रम सञ्चालन प्रस्ताव (प्रपोजल) ढाँचा

१. कार्यक्रमको नामः

२. कार्यक्रमको पृष्ठभूमिः

३. कार्यक्रमको उद्देश्यः

४. कार्यक्रम कार्यान्वयन गर्नु पर्ने आवश्यकता र प्राथमिकताको तथ्यपरक पुष्ट्याईः

५. कार्यक्रममा हुने लगानी र सोबाट प्राप्त हुने मापनयोग्य प्रतिफल वा लाभ र लाभग्राहीको विस्तृत विवरणः

६. कार्यक्रमबाट प्राप्त हुने प्रतिफल वा लाभबाट दिगो विकास लक्ष्य र कर्णाली प्रदेशको चालु आवधिक योजनाले लिएको लक्ष्य हासिल गर्न पुऱ्याउने प्रत्यक्ष योगदान सम्बन्धी बुँदागत विवरणः

७. कार्यक्रममा सङ्घ, प्रदेश तथा स्थानीय तह र निजी क्षेत्र, सहकारी तथा अन्य गैरसरकारी क्षेत्रको सहभागिता रहने भए लगानीको अनुपात, साझेदारीको ढाँचा र दोहोरो नपर्ने आधारः

८. कार्यक्रमबाट वातावरणीय प्रभाव पर्ने भएमा सोको असर र न्यूनीकरणका उपायः

९. कार्यक्रम कार्यान्वयनको चुनौती र आइपर्नसक्ने जोखिम न्यूनीकरणका उपायः

१०. कार्यक्रम अनुगमन र मूल्याङ्कन व्यवस्थाः

११. कार्यक्रम दिगो रूपमा सञ्चालन गर्ने आधार वा व्यावसायिक योजनाः

| प्रमुख प्रशासकीय अधिकृतको,- | प्रमुख वा अध्यक्षको,- |
|---|---|
| नामः | नामः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |

*<u>नोटः</u> कार्यक्रम प्रस्तावको सुरु पृष्ठमा देहायका विवरण राख्ने:*

कार्यक्रम पेश गर्ने स्थानीय तहको नामः

ठेगानाः फोन/फ्याक्स/इमेलः

कार्यक्रमको नामः

कुल लागत रु: प्रस्तावित लाभान्वित जनसङ्ख्याः

कार्यक्रमको विषयक्षेत्रः

कार्यक्रम कार्यान्वयनको लागि जिम्मेवार स्थानीय तहको शाखाः

## अनुसूची -४

*(दफा ८ को उपदफा (२) सँग सम्बन्धित)*

# ससर्त अनुदानको लागि प्राप्त आयोजनाको विवरणः

| क्र. सं. | आयोजनाको नाम | आयोजना प्रस्तावक | जिल्ला | स्थानीय तह | क्षेत्र | कुल लागत | कार्यविधि अनुसारको आधार/क्षेत्र | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |

आज्ञाले
रविलाल शर्मा
प्रदेश सरकारको सचिव